# प्रदेश आर्थिक सर्वेक्षण

## आर्थिक वर्ष २०८१/०८२




**गण्डकी प्रदेश सरकार**

# आर्थिक मामिला मन्त्रालय

**पोखरा, नेपाल**

## प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा

गण्डकी प्रदेशको आर्थिक अवस्था, स्रोतसाधनको प्रयोग, उत्पादन, व्यापार, रोजगारी लगायतका विषयमा तथ्याङ्क संकलन गरी समग्र स्थितिलाई प्रतिविम्बित गराई नीति तथा बजेटको समग्र उद्देश्य प्राप्तिको लागि सहयोगी हुने अपेक्षा गरिएको छ। दीर्घकालीन योजनाहरू तयार गर्न, खोज अनुसन्धानको लागि आधार तय गर्न र संघीयता लागु भएपश्चात अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १३ उपदफा २ को व्यवस्था बमोजिम प्रदेश सभामा बजेट तथा कार्यक्रम पेश गर्नु आगावै प्रदेश सभामा पेश गर्न सक्ने कानुनी आधार रहेकोले यस आर्थिक सर्वेक्षण तयार गरीएको छ।

आर्थिक सर्बेक्षणमा प्रयोग गरीएका तथ्य तथ्याङ्ककहरू विश्वसनीय, शुद्ध र प्रयोगकर्तामैत्री बनाउनु चुनौतिको विषय रहेको छ। फरक फरक निकायबाट प्रकाशित तथ्याङ्कमा एकरुपता नहुने प्रवृति रहेता पनि यस प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२ मा प्रयोग भएका तथ्याङ्क, विवरण एवम् सूचना प्रदेश सरकारका विषयगत मन्त्रालय, निकाय र विभिन्न सङ्घ/संस्थाबाट प्राप्त तथा प्रकाशित प्रतिवेदन, विवरण, जानकारी, तथ्याङ्क, तथ्य र सूचनाबाट प्राप्त भएका हुन्। प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा गरी चार्ट, तालिका र अनुसूची मार्फत् प्रयोगकर्तामैत्री प्रतिवेदन बनाउने प्रयास गरीएको छ।

प्रदेश सरकारको स्थापनाको सातौं वर्ष पूरा भई आठौं वर्षमा सञ्चालन भइरहेको अवस्थामा सर्वेक्षणका सबै चार्ट र तालिकाहरूमा स्थापना कालदेखिका तथ्याङ्क समावेश गर्ने प्रयत्न गरीएको छ। प्रदेश स्तरमा तथ्याङ्कको बारेमा कार्य गर्ने छुट्टै निकाय नभएकाले तथ्याङ्क प्राप्ति, बिश्लेषण र एकरुपता कायम गर्न असहजता भएकोले साथै तथ्याङ्कको व्यवस्थापनको लागि एक छुट्टै निकायको आवश्यकता रहेको महसुश गरीएको छ। यद्यपि, अघिल्ला आर्थिक सर्वेक्षण तथा अन्य प्रकाशित प्रतिवेदनहरूबाट प्रकाशित तथ्याङ्कहरूलाई केहि फरक स्रोतहरूबाट अद्यावधिक गरी राखिएकाले यस अघिका तथ्याङ्कसँग केही फरक पर्न सक्नेछ।

प्रदेश आर्थिक सर्वेक्षणलाई थप वस्तुपरक एवम् विश्लेषणात्मक बनाउन पहिले भन्दा केहि नयाँ विषयवस्तु समेट्ने प्रयास गरीएको छ। सम्भव भएसम्म फागुन महिनालाई आधार मानि तुलनात्मक विश्लेषण प्रस्तुत गरीएको छ भने विषय क्षेत्र तथा तथ्याङ्क उपलब्धताका आधारमा अन्य महिना, शैक्षिक सत्र, वर्ष एवम् उपलब्ध तथ्याङ्कलाई समेटी सर्वेक्षण तयार गरीएको छ। प्रदेश सरकारको राजस्वमा प्रदेश सरकारको समग्र क्षेत्रको आम्दानी, खर्च, उत्पादन, उद्योग, वित्तीय आकार/स्थिति, सामाजिक पहुँच विस्तार, सुशासन लगायतका विषयलाई समेटिएको छ।

**जेठ, २०८२**

**गण्डकी प्रदेश सरकार**
**आर्थिक मामिला मन्त्रालय**

# प्राक्कथन

प्रदेश सरकारको आर्थिक गतिविधि एवम् सामाजिक स्थितिको प्रतिविम्ब प्रस्तुत गर्ने उद्देश्यले प्रदेश आर्थिक सर्वेक्षण सार्वजनिक गरीएको छ। प्रदेश सरकारको स्थापना पश्चात सातौं वर्ष पूरा भई अठौं वर्षमा सञ्चालित प्रदेश सरकारलाई आर्थिक सामाजिक परिसूचकको आधारमा आर्थिक सर्वेक्षण प्रस्तुत गरीएको छ। यद्यपी, नेपाल सरकारका प्रकाशित प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क विभाग र कार्यालयबाट प्राप्त खण्डीकृत तथ्याङ्क, क्षेत्रगत मन्त्रालयबाट प्राप्त प्रगति तथा नतिजा विवरण र विभिन्न सार्वजनिक निकायका अद्यावधिक तथ्याङ्क, अध्ययन प्रतिवेदन तथा प्रमाणित तथ्यका आधारमा विश्लेषण गरीएको छ।

चालु आर्थिक वर्षमा समग्र राष्ट्रको अर्थतन्त्रमा परेको दबाबको प्रभाव प्रदेशमा पनि परेको छ। अपेक्षाकृत रुपमा प्रदेशको आर्थिक वृद्धिदर हासिल हुन नसके तापनि प्रदेशगत तुलनामा सबैभन्दा बढी आर्थिक वृद्धिदर गण्डकी प्रदेशको रहेको छ। आर्थिक विकासका साथै केही सामाजिक क्षेत्रमा पनि उपलब्धि हासिल भएको छ। आधारभूत खानेपानीको पहुँच विस्तार, केही कृषि उत्पादन र क्षेत्रफल विस्तार, सामुहिक खेती प्रबर्द्धन, महिला सशक्तिकरण लगायतका आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति हासिल भएका छन्। तथापि, प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले लिएको लक्ष्य हासिल गर्न थप प्रयासको आवश्यकता छ।

अन्त्यमा, गण्डकी प्रदेश सरकारको समग्र आर्थिक सामाजिक स्थितिका सम्बन्धमा जानकारी लिन तथा थप विश्लेषण गर्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिइएको छ। प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२ तयार गर्ने क्रममा तथ्य, तथ्याङ्क, सूचना एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुहुने सवै मन्त्रालय, निकाय, पदाधिकारी तथा सरोकारवाला, विश्लेषण कार्यमा सहयोग गर्नुहुने सबै मन्त्रालय, निकाय र आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशका कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**जेष्ठ, २०८२**

**माननीय**
**आर्थिक मामिला मन्त्री**
**डा.टकराज गुरुङ्ग**

## विषयसूची


**प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा** ........ I

**प्राक्कथन** ........ II

**तालिका सूची** ........ VII

**चार्ट सूची** ........ X

**कार्यकारी सारांश** ........ XI

१. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र ........ १

राष्ट्रिय अर्थतन्त्र ........ १

प्रदेशको अर्थतन्त्र ........ ४

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना ........ ६

औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान ........ ७

२. सार्वजनिक वित्त ........ ९

प्रदेश सरकारको वित्तको आकार ........ ९

प्रदेश सरकारको खर्च ........ ११

प्रदेश सरकारको स्रोत ........ १६

प्रदेश सरकारको आय ........ १७

संघ सरकारबाट प्राप्त अनुदान ........ १९

स्थानीय तहलाई वित्तीय हस्तान्तरण ........ २१

राजस्व बाँडफाँट ........ २१

३. वित्तीय क्षेत्र ........ २३

बैक तथा वित्तीय संस्था ........ २३

बैंकको निक्षेप तथा कर्जा लगानी ........ २४

सहकारी संस्था ........ २५

बीमा २८

जीवन/निर्जीवन बिमा ........ २९

४. कृषि, वन, भूउपयोग तथा वातावरण ........ ३२

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ........ ३२

विविध कृषिबाली उत्पादन र उत्पादकत्व ........ ३२

पशुपंक्षी तथा मत्स्य ........ ३५
वन क्षेत्र ........ ३८
जैविक विविधता संरक्षण ........ ४०
५. गरीबी निवारण, श्रम तथा रोजगारी ........ ४१
गरीबी ४१
प्रधानमन्त्री रोजगार कार्यक्रम ........ ४१
६. ऊर्जा, सिञ्चाई तथा खानेपानी ........ ४३
उर्जा ४३
सिंचाइ तथा तटबन्ध ........ ४३
खानेपानी तथा सरसफाई ........ ४४
७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार ........ ४६
सडक ४६
प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धी ........ ४६
यातायात ........ ४७
सूचना तथा सञ्चार ........ ४७
८. उद्योग, वाणिज्य तथा पर्यटन ........ ४९
उद्योग क्षेत्र ........ ४९
उद्योग तथा वाणिज्य ........ ४९
प्रदेश भित्र दर्ता भएका फर्म तथा प्रतिष्ठानहरू ........ ५५
एक स्थानीय तह एक औद्योगिक ग्राम ........ ५६
प्रदेश औद्योगिक क्षेत्र ........ ५६
पर्यटन ५६
पर्यटक लक्षित घरवास कार्यक्रम ........ ५६
९. सामाजिक क्षेत्र ........ ५८
शिक्षा ५८
विद्यालय, विद्यार्थी र शिक्षक ........ ५९
धार्मिक विद्यालय ........ ६२
उच्च शिक्षा ........ ६३
गण्डकी विश्वविद्यालय ........ ६५
प्राविधिक शिक्षा ........ ६५

युवा तथा खेलकुदा तर्फ ........ ६६
स्वास्थ्य सेवा ........ ६७
राष्ट्रिय खोप कार्यक्रम ........ ६९
पोषण कार्यक्रम ........ ७०
एकीकृत बाल रोग व्यवस्थापन कार्यक्रम ........ ७०
परिवार नियोजन कार्यक्रम ........ ७०
सुरक्षित मातृत्व कार्यक्रम ........ ७१
औलो तथा महामारी नियन्त्रण कार्यक्रम ........ ७१
क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम ........ ७१
HIV/AIDS नियन्त्रण कार्यक्रम ........ ७२
उपचारात्मक सेवा ........ ७२
स्वास्थ्य शिक्षा, सूचना तथा संचार ........ ७२
जनसङ्ख्या ........ ७४
१०. सार्वजनिक प्रशासन, सुशासन र विविध ........ ७५
सुशासन७५
लेखापरीक्षण र बेरुजुको स्थिति ........ ७५
लैंगिक उत्तरदायी तथा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण बजेट ........ ७७
विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा ........ ७८
नीति तथा योजना ........ ७९
प्रदेशको जनशक्ति व्यवस्थापन ........ ७९
कानूनि प्रतिरक्षा ........ ८३
बिद्युत खपतको विवरण ........ ८३
प्रदेश व्यवस्थापिका ........ ८५

अनुसूची ..................................................................................................८७
अनुसूची १.१: कुल गार्हस्थ्य उत्पादनको विवरण आधार मुल्यमा ..............................८७
अनुसूचि १.२: संघीय सरकारबाट प्राप्त अनुदान र खर्चको विवरण..............................८९
अनुसूचि १.३: स्थानीय तहलाई बिभिन्न शीर्षकमा भएको हस्तान्तरण ..........................९०
अनुसूची १.४: प्रदेश सरकारको आम्दानी ( रु लाखमा) .............................................९१
अनुसूची १.५: प्रदेश सरकारको कर अधिकारबाट प्राप्त आय.........................................९२
अनुसूची १.६: प्रदेश सरकारको चालु, पुँजीगत, वित्तीय व्यवस्था...................................९३
अनुसूची १.७: प्रदेश भित्रको फलफुल उत्पादन र क्षेत्रफल ..........................................९४
अनुसूची १.८: पशुपन्क्षीहरूको विवरण........................................................................९५
अनुसूची १.९: मालपोत कार्यालयहरूबाट भएको घर जग्गा रजिष्ट्रेशन छुटको विवरण .......९६
अनुसूची १.१०: विद्युत खपतको विवरण महिना अनुसार ...........................................९७

# तालिका सूची


तालिका १: समष्टिगत आर्थिक परिसूचक.................... १
तालिका २: प्रदेश सरकारको वित्तको आकार (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा).................... ११
तालिका ३: प्रदेश सरकारको बजेट विनियोजन र तुलनात्मक खर्च स्थिति (रु लाखमा).................... ११
तालिका ४: प्रदेश सरकारको बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रु लाखमा).................... १२
तालिका ५: आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८१/८२ सम्म विनियोजित कुल बजेट..... १४
तालिका ६:बजेट अनुमान र प्राप्ति बीचको अन्तर.................... १५
तालिका ७: संघीय सरकारबाट प्राप्त राजश्व र आन्तरिक राजश्वको हिस्सा.................... १७
तालिका ८: प्रदेश सरकारको स्रोत संरचनाको प्रवृत्ति.................... १८
तालिका ९: प्रदेश सरकारको कर अधिकारको आम्दानीको हिस्सा प्रतिशतमा.................... १८
तालिका १०: संघ सरकारबाट बिनियोजन र प्राप्त अनुदानको खर्चगत उपलब्धी (प्रतिशतमा).................... १९
तालिका ११:स्थानीय तहलाई भएको विनियोजनको तुलानामा हस्तान्तरण (प्रतिशतमा).................... २१
तालिका १२:सवारी साधन कर प्राप्ति प्रतिशत लक्ष्यको आधारमा.................... २२
तालिका १३: वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या.................... २३
तालिका १४: बैंकहरूबाट भएको कर्जा संकलन र लगानीको तुलनात्मक रेखा चित्र (रु करोडमा)....... २४
तालिका १५: बैङ्किङ्ग सेबा सम्बन्धी सूचकहरूको विवरण.................... २५
तालिका १६: जिल्लागत रुपमा दर्ता भएका सहकारीको बिवरण.................... २६
तालिका १७:वर्गीकरणको आधारमा सहकारी संस्थाको विवरण.................... २७
तालिका १८: गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण (रकम रू.हजारमा).................... २७
तालिका १९:सहकारीमा आबद्ध सदस्य र कर्मचारीहरूको विवरण.................... २८
तालिका २०:जिल्लानुसार बिमितको विवरण.................... २८
तालिका २१: गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या.................... २९
तालिका २२: प्रदेश भित्रका जीवन बिमाको विवरण( रकम रु लाखमा).................... ३०
तालिका २३:प्रदेश भित्रका निर्जीवन बिमाको विवरण( रकम रु लाखमा).................... ३०
तालिका २४: गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा).................... ३२
तालिका २५: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा).................... ३३
तालिका २६: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल.................... ३३
तालिका २७:तेलहनबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)३४
तालिका २८:दलहन बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)............ ३४
तालिका २९:मसलाबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) ३५
तालिका ३०: पशुपंक्षी को विवरण (सङ्ख्यामा).................... ३६
तालिका ३१:खोप भ्याक्सिनको विवरण.................... ३६
तालिका ३२:दुध उत्पादनमा अनुदानको विवरण.................... ३७

तालिका ३३:पकेट क्षेत्र घोषणाको विवरण................................................................................................ ३७
तालिका ३४:दुध, अन्डा तथा मासु उत्पादन.......................................................................................... ३७
तालिका ३५ :वन क्षेत्रको विवरण.......................................................................................................... ३८
तालिका ३६:प्रदेश भित्र रहेका संरक्षित क्षेत्रहरूको विवरण................................................................ ३९
तालिका ३७:बन पैदावार बाट संचालित उद्योगहरूको विवरण............................................................ ३९
तालिका ३८:भू—उपयोगको स्थिती....................................................................................................... ४०
तालिका ३९: प्रदेशगत निरपेक्ष गरीबीको अवस्था............................................................................. ४१
तालिका ४०: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था..................................................... ४१
तालिका ४१: प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत र रोजगारी प्राप्त गर्नेको विवरण..................... ४२
तालिका ४२ :प्रदेश भित्रको उर्जा सम्बन्धी बिबरण............................................................................ ४३
तालिका ४३: सिंचाइ तथा तटबन्धन निर्माण..................................................................................... ४४
तालिका ४४: प्रदेश भित्रको खानेपानिको विवरण.............................................................................. ४५
तालिका ४५: प्रदेश भित्र निर्माण गरेको नयाँ सडकको लम्बाई (किलोमिटरमा)................................. ४६
तालिका ४६:प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धी................................................. ४६
तालिका ४७:झोलुङ्गे पुल र सडक पुलको विवरण.............................................................................. ४७
तालिका ४८: गण्डकी प्रदेशमा दर्ता भएका सवारीका साधनहरू........................................................ ४७
तालिका ४९: गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता (प्रतिशतमा).................... ४८
तालिका ५०: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान(प्रतिशतमा)............... ४९
तालिका ५१: प्रदेश सरकार मातहत दर्ता भएका ठुला, मझौला र साना उद्योग..................................... ४९
तालिका ५२:उद्योगहरू बाट सिर्जना भएका रोजगारीको बिबरण........................................................ ५०
तालिका ५३: प्रबिधि हस्तान्तरण(थान)............................................................................................ ५१
तालिका ५४:सिप बिकास तथा उद्यमबिकास तालिम.......................................................................... ५२
तालिका ५५:उद्यमिहरूको विवरण...................................................................................................... ५३
तालिका ५६: पर्यटन तथा उद्योग कार्यालयबाट संकलित राजश्व........................................................ ५३
तालिका ५७:लघु, घरेलु तथा साना उद्योग दर्ता नवीकरण तथा खारेजी............................................ ५४
तालिका ५८: उद्योग र वाणिज्य फर्महरूको जिल्लागत विवरण (सङ्ख्यामा)....................................... ५४
तालिका ५९:दर्ता भएका फर्महरूको विवरण...................................................................................... ५५
तालिका ६०:प्रदेश औद्योगिक क्षेत्रको अवस्था.................................................................................. ५६
तालिका ६१: गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे......................................................... ५७
तालिका ६२: कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत)............................................ ५८
तालिका ६३: जिल्लागत साक्षरता दर (५वा + उमेर समूह)................................................................. ५८
तालिका ६४: प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार)................................. ५९
तालिका ६५:प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार)...................... ६०
तालिका ६६: गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्नादर (शैक्षिक सत्र अनुसार)............................. ६०
तालिका ६७: प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना................................... ६१

तालिका ६८ : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण (शैक्षिक वर्ष अनुसार)....................... ६१
तालिका ६९ : सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र अनुसार).................... ६२
तालिका ७० : प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण................. ६४
तालिका ७१: माध्यमिक शिक्षा परिक्षा, कक्षा १०, (SEE) २०८० को नतिजा विवरण........................... ६४
तालिका ७२: गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या........................................ ६५
तालिका ७३: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू.............. ६५
तालिका ७४:प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण............ ६६
तालिका ७५: युवा तथा खेलकुद महाशाखा मार्फत् संचालित कार्यक्रमको विवरण................................ ६६
तालिका ७६ :विभिन्न विषयमा अध्ययनरत विद्यार्थी विवरण................................................................ ६७
तालिका ७७: कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा).... ६८
तालिका ७८: स्वास्थ्य सेवा र सुविधामा विस्तार................................................................................ ६९
तालिका ७९निः शुल्क खोपको स्थिति (पटक सङ्ख्यामा)....................................................................७०
तालिका ८०: कुपोषण भएको जनसंखया.......................................................................................७२
तालिका ८१: भौगोलिकक्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८ ................................................७४
तालिका ८२: घरजग्गा रजिष्ट्रेशन छुटको विवरण...............................................................................७५
तालिका ८३: प्रदेश मातहतका १८३ सरकारी निकायको लेखापरीक्षण..................................................७६
तालिका ८४: प्रदेश गत बेरुजुको विवरण आर्थिक वर्ष२०८०/८१ ......................................................७६
तालिका ८५: बेरुजुको वर्गीकरण (रू हजारमा)................................................................................७७
तालिका ८६: लैङ्गिक उत्तरदायी बजेट (रु करोडमा)........................................................................७७
तालिका ८७: जलवायु परिवर्तन बजेट विनियोजनको अवस्था (रु करोडमा)..........................................७८
तालिका ८८: पाठ्यक्रम निर्माणको विवरण.......................................................................................७९
तालिका ८९:प्रकाशित विज्ञापनको विवरण.......................................................................................७९
तालिका ९०: दरखास्त संकलनको विवरण........................................................................................८१
तालिका ९१:प्रदेश तथा स्थानीय तहमा आ.व अनुसार सिफारिस.........................................................८२
तालिका ९२:प्राबिधिक र अप्राबिधिक तर्फको सिफारिस.....................................................................८२
तालिका ९३:कायम रहेका मुद्दा (प्रतिशतमा).....................................................................................८३
तालिका ९४: प्रदेश सभाका बिभिन्न समितिको बैठकको विवरण..........................................................८५
तालिका ९५: प्रदेश सभाबाट पारित ऐन कानुनको विवरण...................................................................८६

## चार्ट सूची


चार्ट १: पछिल्लो ६ वर्षको राष्ट्रिय आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)......३
चार्ट २: औद्योगिक समुह अनुसार कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान......३
चार्ट ३: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको बृद्दिदर (प्रतिशतमा)......४
चार्ट ४: उपभोक्ता मुल्यमा वार्षिक बृद्धिदर(प्रतिशतमा)......५
चार्ट ५: कुल राष्ट्रीय उत्पादनमा गण्डकी प्रदेशको योगदान......६
चार्ट ६: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा)......६
चार्ट ७: गण्डकी प्रदेश र नेपालको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान......७
चार्ट ८: पछिल्लो ६ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)......८
चार्ट ९:प्रदेश सरकारको विनियोजन र खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)......९
चार्ट १०: कुल गार्हस्थ्य उत्पादनमा बजेट वचतको अनुपात......१०
चार्ट ११: आन्तरिक आय र खर्चको फरक......१०
चार्ट १२:प्रदेश सरकारको चालु र पूँजिगत खर्च संरचना......१२
चार्ट १३:महिना अनुसार पुँजिगत खर्चको विवरण......१३
चार्ट १४:चालु खर्चको शीर्षकगत विवरण......१४
चार्ट १५:हाल सम्म बिभिन्न आर्थिक वर्षमा विनियोजित बजेट (रु लाखमा)......१५
चार्ट १६:बजेट अनुमान र प्राप्ति बीचको अन्तर......१६
चार्ट १७: अनुदान फिर्ताको विवरण रु......२०
चार्ट १८: अनुदानको योगदान......२०
चार्ट १९: लक्ष्यको आधारमा सवारी साधन कर प्राप्तिको अवस्था (प्रतिशतमा)......२२
चार्ट २०:सवारी साधन कर अनुमान र सङ्कलनको प्रवृत्ति(रू.लाखमा)......२२
चार्ट २१: शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको योगदान......२४
चार्ट २२: प्रदेश भित्र फर्म दर्ताको विवरण (प्रतिशतमा)......५५
चार्ट २३:गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८१)......५९
चार्ट २४: गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या......६३
चार्ट २५: जिल्लागत रुपमा सञ्चालित एमबुलेन्सको विवरण......७३
चार्ट २६:हवाई उद्दार मार्फत् उद्दार गरीएको विवरण......७३
चार्ट २७:प्रकाशित बिज्ञापनको विवरण......८०
चार्ट २८: विज्ञापनको किसिम अनुसार बिज्ञापन(प्रतिशत)......८०
चार्ट २९: दरखास्त संकलन र सिफारिसको विवरण......८१
चार्ट ३०:प्रतिस्पर्धा र बढुवा मार्फत् सिफारिसको संख्या......८३
चार्ट ३१:जिल्ला अनुसार विद्युत खपत युनिट मेघावाटमा......८४
चार्ट ३२: महिना अनुसार विद्युत खपतको विवरण......८४
चार्ट ३३: दुई आर्थिक वर्षको फागुन मसान्त सम्मको विद्युत खपत......८५

# कार्यकारी सारांश

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय अर्थतन्त्र आधारभूत मूल्यमा ३.९९ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ भने गण्डकी प्रदेशको अर्थतन्त्र आधारभूत मूल्यमा ४.८८ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा चालु आर्थिक वर्ष २०८१/८२ का लागि करिब रु. ५ खर्ब ४८ अर्ब हुने प्रारम्भिक अनुमान गरीएको छ भने गत आर्थिक वर्ष २०८०/८१ मा करिब रु, ५ खर्ब १८ अर्ब रहने संशोधित अनुमान रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन मध्ये प्राथमिक वा कृषि क्षेत्रको योगदान २७.८ प्रतिशत, द्धितीय वा उद्योग क्षेत्रको योगदान १६.५ प्रतिशत र तृतीय वा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने अनुमान छ।

आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २७.१ प्रतिशत रहने अनुमान छ।

आर्थिक वर्ष २०८०/८१ प्रतिव्यक्ति आयको संशोधित अनुमान अधिल्लो आर्थिक वर्षको भन्दा ७१ ले बढी रहेकोमा चालु आर्थिक वर्षमा सो आय १६२० अमेरिको डलर पुग्ने अनुमान गरीएको छ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को चालु र पूँजिगत व्यवस्थाको खर्च भन्दा चालु आ. ब को फागुन मसान्त सम्म क्रमश १.४१ र ५.४५ प्रतिशतले बढी रहेको छ भने कुल खर्चमा भने ४.०६ प्रतिशत बढी रहेको छ।

आर्थिक वर्ष २०७५/७६ देखि नै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको तुलनामा प्रदेश सरकारको खर्चको अनुपात भन्दा आयको अनुपात उच्च रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको खर्च र विनियोजनको अनुपात क्रमशः ४.३ र ६.५ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा बजेट बचतको अनुपात ०.२३ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल विनियोजित बजेटको २४.८३ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०८१/८२ को सोही अवधीमा कुल बजेटको २८.८९ प्रतिशत खर्च भएको छ।

कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा खाद्यान्न बालीको बाहुल्यता रहेको छ। मुख्य खाद्यान्न बालीतर्फ मकै बाली, तेलहनतर्फ तोरी, दलहन बालीतर्फ मास, मसला बालीतर्फ अदुवा र फलफूल बालीतर्फ सुन्तलाको उत्पादन हुने गरेको छ।

आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश सरकारको कुल आयको सबैभन्दा बढी योगदान संघ सरकारबाट प्राप्त अनुदानको (४७.९ प्रतिशत) रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ फागुन मसान्तसम्म त्यस्तो योगदान ४३.८ प्रतिशत रहेको थियो।

नेपालको उपभोगमा आधारित निरपेक्ष गरीबी २०.२७ प्रतिशत रहेको छ भने मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ। पछिल्लो तथ्याङ्क अनुसार नेपालको बहुआयामिक गरीबी १७.४ प्रतिशत रहेको छ।

गण्डकी प्रदेशमा विद्युतमा पहुँच प्राप्त घरपरिवार आर्थिक वर्ष २०८०/८१ को अन्त्य सम्म ९८.० प्रतिशत पुगेको छ भने सोही अवधीमा कुल जलविद्युत जडान क्षमता ८२१ मे.वा पुगेको छ।

प्रदेशमा २०८१/८२ फागुन मसान्त सम्ममा ९५ प्रतिशत जनसङ्ख्याको आधारभूत खानेपानीमा पहुँच पुगेको छ भने निजी धारा जडान गरीएको जनसंख्या ६५ प्रतिशत पुगेको छ। आधारभूत स्तरको सरसफाईको पहुँच भने शत प्रतिशत पुगेको छ।

चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशको आन्तरिक आयमा सबै भन्दा बढी योगदान सवारी साधन करको ५३.९३ प्रतिशत रहेको छ।
आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म गण्डकी प्रदेशका ११ जिल्लामा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाका गरी कुल १४०२ शाखा कार्यालयहरू रहेका छन्।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म रू.५ खर्व २ अर्ब १८ करोड निक्षेप सङ्कलन भएकोमा रू.३ खर्व ४७ अर्ब ३९ करोड कर्जा लगानी भएको थियो भने आर्थिक वर्ष२०८१/८२ को सोहि अवधीमा ५ खर्व ६३ अर्ब १६ करोड निक्षेप संकलन भएकोमा रु.३ खर्व ५३ अर्ब ८३ करोड कर्जा प्रबाह भएको छ।
गण्डकी प्रदेश भित्र चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा बिभिन्न शीर्षकमा जीवन बिमा तर्फ जारी गरीएका पोलिसिहरू २ लाख ५३ हजार ९ सय ९१ रहेकामा नवीकरण तथा पहिलो किस्ता गरी जम्मा ११ खर्व २७ करोड ३९ लाख रुपैया प्रिमियम संकलन भएको छ भने ८ हजार १ सय ५५ वटा भुक्तानी दावी गरीएको बिमा मार्फत् जम्मा १ अर्व ८६ करोड ४३ लाख भुक्तानी गरीएको छ। त्यसै गरी निर्जीवन बिमा तर्फ २ लाख ७ हजार ७ सय ७८ बटा पोलिसि दर्ता मार्फत् जम्मा १ अर्व ४९ करोड ४४ लाख संकलन गरीएकोमा दाबी भएका जम्मा ५ हजार ७ सय ७१ बिमा भुक्तानी मार्फत् रु ५७ करोड ९८ लाख भुक्तानी गरीएको छ।

पछिल्ला वर्षहरूमा भैंसी/राँगा तथा गाई/गोरूको सङ्ख्यामा आएको कमीसँगै गत वर्ष फैलिएको लम्पी स्कीन रोगको कारण आर्थिक वर्ष २०८०/८१ मा दुध उत्पादनमा कमी आउने प्रारम्भिक अनुमान गरीएकोमा १.६२ प्रतिशतले घटेको छ।

गण्डकी प्रदेशको कुल भू-भागमध्ये वन जङ्गलले ढाकेको हरियाली क्षेत्र सबैभन्दा बढी ३३.७९ प्रतिशत रहेको छ। यस प्रदेशमा कृषियोग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत, हिमक्षेत्र १६.७ प्रतिशत रहेको छ।

अघिल्लो आर्थिक वर्षमा ९९.५५ प्रतिशत रहेको गण्डकी प्रदेशको विद्युत पहुँच पुगेको घरधुरीको तथ्याङ्क चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा ९९.८० प्रतिशत पुगेको छ भने चालु आर्थिक वर्षको अन्त्यसम्म ९९.८५ प्रतिशत पुग्ने अनुमान रहेको छ।

कुल सिंचाइ योग्य जमिन मध्ये आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा आधुनिक सिंचाइको पूर्वाधार बिस्तार भएको जमिन ६९,१२२ हेक्टर रहेको छ। जुन कुल सिंचाइ योग्य जमिनको जम्मा २५.३५ प्रतिशत हुन आउँछ र खेती भैरहेको जमिनको १९.६६ प्रतिशत हुन् आउछ।

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म गण्डकी प्रदेशले आफ्नो कार्यक्षेत्रको बजेट तथा कार्यक्रमबाट ११९.९० किलोमिटर सडक कालोपत्र, ४३.३५ किलोमिटर ग्राभेल र २३.० किलोमिटर कच्ची सडक थप निर्माण गरेको छ।

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ९ हजार ५ सय ८५ विभिन्न नयाँ सवारी दर्ता भएका छन् भने कुल सवारी साधन संख्या १ लाख १४ हजार ४ सय १३ दर्ता भएका छन्।

प्रदेश सरकार मातहत दर्ता भएको उद्योगहरूको विवरण यस आर्थिक वर्षको फागुन मसान्त सम्ममा साना उद्योग ६८ हजार १ सय ४०, मझौला ८ र ठूला १ गरी जम्मा  ६८ हजार १ सय ४९ उद्योग दर्ता भएका छन् भने १लाख ३९ हजार ६ सय ८४ कुल रोजगारी सिर्जना भएका छन्। घरवास कार्यक्रममा आबद्ध घरपारिवारको संख्या ३३२ रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा ८.५ प्रतिशत रहेको शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०८१/८२ मा ७.९ प्रतिशत पुग्ने अनुमान गरीएको छ ।

आधारभूत (१-५) मा ९३ प्रतिशत, आधारभूत (१-८) मा ८२ प्रतिशत र माघ्यमिक (९-१०) मा ६३ प्रतिशत सामुदायिक विद्यालयको योगदान  छ भने माघ्यमिक (११-१२) तहमा ८० प्रतिशत विद्यालयहरू सामुदायिक छन्।  शैक्षिक सत्र २०८० मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ५ लाख १ हजार ९४ रहेको छ।

आर्थिक वर्ष २०८१/८२ नेपालको कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलपको योगदान १.९ प्रतिशत हुने अनुमान छ भने गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २.४ प्रतिशत हुने अनुमान रहेको छ

प्रदेशमा सरकारी स्वास्थ्य संस्था अन्तर्गत रही १३१३ गाँउघर क्लिनिक मार्फत् प्राथमिक स्वास्थ्य सेवा, १८९३ खोप क्लिनिक मार्फत् खोप सेवा प्रदान गरीएको छ भने ५८६४ म.स्वा.स्व.से. मार्फत् विभिन्न स्वास्थ्य सेवाहरू घरदैलोसम्म पुयाईएको छ। बैकल्पिक तथा आयुर्वेद सेवातर्फ भने प्रदेशमा २ प्रदेश आयुर्वेद अस्पतालहरू, ९ प्रदेश आयुर्वेद चिकित्सालय र ५५ आयुर्वेद औषधालय मार्फत् नागरीकहरूमा आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रदान गरीएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको जनसङ्ख्या २४ लाख ६६ हजार ४ सय २७ रहेको छ। जसमध्ये ५२.५ प्रतिशत महिला रहेका छन् भने ४७.५ प्रतिशत पुरुष रहेका छन्। जसअनुसार लैङ्गिक अनुपात प्रति १०० महिला ९०.३७ पुरुष रहेका छन्।

२०७८ सालमा गण्डकी प्रदेशमा प्रति परिवार औसतमा ३.७२ रहेको छ, जुन २०६८ सालमा ४.१६ रहेको थियो। गण्डकी प्रदेशमा परिवारको आकार नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लमा सबैभन्दा बढी ४.०३ र गोरखा जिल्लामा सबैभन्दा कम ३.४९ रहेको छ।

गण्डकी प्रदेश भित्र संचालनमा रहेका एम्बुलेन्स सेवालाई जिल्लागत रुपमा बिष्लेषण गर्दा सबै भन्दा धेरै गोरखा जिल्लामा ५० बटा सञ्चालनमा रहेका छन् भने हवाई सेवा मार्फत् उद्दार गरीएका व्यक्तिहरूमा अधिकांश संख्या बागलुङ जिल्लाका रहेका छन्।

चालु आर्थिक वर्षको कुल बेरुजुमध्ये असुल गर्नुपर्ने बेरुजु १४.७८ प्रतिशत, नियमित गर्नुपर्ने बेरुजु ७१.२८ प्रतिशत र पेश्की बेरुजु १३.९३ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०७९/८० को कुल बेरुजुमध्ये असुल गर्नुपर्ने बेरुजु ३०.६२ प्रतिशत, नियमित गर्नुपर्ने बेरुजु ५३.८९ प्रतिशत र पेश्की बेरुजु १५.४९ प्रतिशत रहेको छ।

लैङ्गिक उत्तरदायी तथा जलवायु परिवर्तनका आधारमा बजेट कोडिङ कार्यान्वयन गरीरहेको प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत ३३.३० प्रतिशत प्रत्यक्ष लाभ हुने क्षेत्रमा र जलवायु परिवर्तन सम्बन्धी बजेट अन्तर्गत १०.२५ प्रतिशत प्रत्यक्ष लाभ हुने क्षेत्रमा स्रोत परिचालन भएको छ जुन गत आर्थिक वर्षमा भन्दा कम रहेको छ। विपद् व्यवस्थापनका लागि प्रदेश सरकार नियमित कार्यक्रमका साथै विपद् व्यवस्थापन कोष सञ्चालनमार्फत् विपद् व्यवस्थापनको क्षेत्रमा सक्रीय रहेको छ।

प्रदेश लोक सेवा आयोग स्थापनादेखि चालु आ.बको चैत मसान्त सम्ममा तेस्रो तह देखि एघारौ तहका कुल ४ हजार ३ सय २६ पदमा विज्ञापन प्रकाशन गरीएकोमा आयोगले प्रदेश तथा स्थानीय तहमा कुल २ हजार ९ सय ८३ जना उम्मेदवार सिफारिस गरेको छ।

गण्डकी प्रदेश सरकार मुख्य न्यायाधिवक्ताको कार्यालयमा आर्थिक वर्ष २०८०/८१ को अन्त्य सम्ममा ९२ मुद्धा कायम रहेकोमा ३२ प्रतिशत मुद्दा फैसला भएका छन् भने ६८ प्रतिशत कायम रहेका छन्।

जिल्लागत रुपमा चालु आर्थिक वर्षको फागुन मसान्त सम्म प्रदेश भित्र भएको विद्युत खपतको विवरणलाई हेर्दा कास्की जिल्लामा ४४.१ प्रतिशत खपत भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.१ प्रतिशत भएको छ।

गण्डकी प्रदेश सरकारले दुई आर्थिक वर्षमा तर्जुमा गरेका ऐन, नियमावली, कार्यविधी र अध्यादेशको तुलना गर्दा सबै भन्दा बढी आर्थिक वर्ष २०७९/८० मा तर्जुमा भएको देखिन्छ भने आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा ७ वटा ऐन र १ अध्यादेश तर्जुमा भएको देखिन्छ।

# १. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

## राष्ट्रिय अर्थतन्त्र

१.१ विश्व अर्थतन्त्रमा देखिएको अस्थिरता र अनिश्चितताको कारणले सुस्त बन्दै गएको अर्थतन्त्र पछिल्ला आर्थिक वर्षहरूमा क्रमिक रुपमा सुधार हुदै गएको देखिन्छ। शक्तिशाली देशहरूको शक्ति प्रदर्शन, अन्तराष्ट्रिय स्तरमा आफ्नो बर्चश्व कायम गर्ने होडबाजीले अन्तराष्ट्रिय व्यापार, लगानी र समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेकाले सोको प्रत्यक्ष असर विकासशील देशहरूको अर्थतन्त्रमा पनि परेको देखिन्छ। ठुला अर्थतन्त्र बिचको व्यापारिक युद्धका कारण आयातमा निर्भर (विकासशील र बिकासोन्मुख) राष्ट्रहरूको समग्र वस्तुको मुल्यमा बृद्धि हुनगई समग्र बस्तु तथा सेवाको मुल्य बढ्न सक्ने जोखिम रहेको छ। विगतका वर्षहरूलाई अध्ययन गर्दा संकुचित हुदै गएका आन्तरिक एंव बाह्य परिसूचक हालका वर्षहरूमा सुधार र सवल बन्दै गएको देखिन्छ, जसले गर्दा कृषि उद्योग तथा सेवा क्षेत्रको उत्पादन बढ्न अनुमान गर्न सकिन्छ। प्राकृतिक प्रकोप तथा बिपद्जन्य घटनाले गर्दा कृषि क्षेत्र र पूर्वधार क्षेत्रमा ठुलो क्षति भएका कारण आर्थिक परिचालन उत्पादनमुलक क्षेत्रमा कन्द्रित नभई बिपद्जन्य जोखिम न्युनीकरण, पुनर्स्थापना तर्फ केन्द्रित हुँदा तोकिएको अन्य परिमाणात्मक लक्ष्य हाँसिल गर्न कठिनाई भएको देखिन्छ। अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यमा आएको सुधारका साथै केहि क्षेत्र बाहेक मुलुकको आन्तरिक गतिविधिमा देखिएको बढोत्तरीका कारण अधिकांश समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक र उत्साहप्रद रहेका छन्। अर्थतन्त्रमा प्रत्यक्ष असर गर्ने घरजग्गा कारोवार, पुर्वधार निर्माणका क्षेत्रमा देखिएको सुस्तता क्रमिक रुपमा सुधार हुने प्रारम्भिक संकेतहरु देखिएका छन्।

*तालिका १: समष्टिगत आर्थिक परिसूचक*

| विवरण | इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रू. अर्बमा | ३८८८.७ | ४३५२.६ | ४९७६.६ | ५३४८.५ | ५०६०.६५ * | ५३७९.५९** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | -२.४२ | ४.४९ | ५.२८ | २.३१ | ३.३६ | ३.९९** |
| कृषि | प्रतिशत | २.३२ | २.८९ | २.५० | २.७२ | ३.३ | ३.३** |
| उद्योग | प्रतिशत | -४.११ | ७.०६ | १०.७९ | १.४० | १.२० | ४.७** |
| सेवा | प्रतिशत | -४.५३ | ४.७१ | ५.३२ | २.३६ | ४.४ | ४.२ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | ११८० | १२८४ | १४१९ | १४०५ | १४६७* | १५१७** |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ६.२ | ३.६ | ६.३ | ७.७ | ५.४ | ४.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुलस्थिर लगानी | जीडिपीको अनुपातमा | ३०.४७ | २९.३४ | २८.९८ | २५.०८ | २४.३३* | २४.७** |
| कुल गार्हस्थ्य वचत | जीडिपीको अनुपातमा | ५.७२ | ६.३७ | ६.५८ | ७.४१ | ६.२* | ६.६** |
| तीन तहको एकीकृत खर्च (अनुदान हस्तान्तरण बाहेक) | रू. अर्बमा | ११९१.१ | १३६२.२ | १४९०.६ | १६५६.१० | १६४०.६७ | - |
| चालु | जीडिपीको अनुपातमा | १७.२ | १७.० | १७.३ | १७.४ | १८.३ | |
| पुँजीगत | जीडिपीको अनुपातमा | १०.४ | ११.४ | ९.८ | ९.९ | ३.७९ | |
| वित्तीय व्यवस्था | जीडिपीको अनुपातमा | ३.० | २.८ | २.९ | ३.७ | ४.४१ | |
| सार्वजनिक ऋण दायित्व | जीडिपीको अनुपातमा | ३६.९ | ३९.९ | ४०.५ | ४२.९ | ४८.०९ | - |
| वस्तु निकासी | कुल व्यापारमा | ७.५ | ८.४ | ९.४ | ८.९ | ८.७ | १२.१ # |
| वस्तु पैठारी | कुल व्यापारमा | ९२.५ | ९१.६ | ९०.६ | ९१.१ | ९१.३ | ८७.९# |
| चालुखाता सन्तुलन | जिडिपि अनुपातमा | -१ | -७.७ | -१२.७ | -०.९ | ३.८ | ०.७ # |
| विदेशी मुद्रा सञ्चिति | रू. अर्बमा | १४०१.८ | १३९९.० | १२१५.८ | १५३९.४ | २०४१.१० | २४९.२५# |
| कुल तरल सम्पती/निक्षेप | अनुपातमा | २७.९ | २६.२ | २६.२ | २७.१ | २६.४ | २६.५ # |
| निजीक्षेत्रतर्फको कर्जा प्रवाह | रू. अर्बमा | ३२७६.९ | ४१३९.६ | ४६८९.० | ४९०३.३ | ५२३४.४२ | ५५४८.५९# |
| नेप्से सूचकाङ्क (असार मसान्तको) | बिन्दुमा | १३६२.३५ | २८८३.४१ | २००९.४७ | २०९७.१ | २०५३.० | - |

स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय * संशोधित अनुमान, ** प्रारम्भीक अनुमान, # फागुन मसान्तसम्म

१.२ आर्थिक वर्ष २०८१/८२ को नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP)को वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.३६ प्रतिशतले बिस्तार भएको थियो।

१.३ आर्थिक वर्ष २०८१/८२ मा औसत उपभोक्ता मुद्रास्फीति ४.९ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा त्यस्तो मुद्रास्फीति ५.४ प्रतिशत रहेको थियो।

१.४ आर्थिक वर्ष २०८१/८२ कुल तरल सम्पति र निक्षेप अनुपातमा चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा २६.५ रहेको छ भने गत आर्थिक वर्षमा सो अनुपात २६.४ रहेको थियो।

*चार्ट १: पछिल्लो ६ वर्षको राष्ट्रिय आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ ** संशोधित *अनुमानित

१.५ विगतका वर्षहरूदेखि नै कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएता पनि आर्थिक वर्ष २०८१/८२ मा भने केही कम हुने प्रक्षेपण गरीएको छ। कृषि क्षेत्र तर्फको योगदान औसतमा उस्तै रहेको देखिन्छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान प्रतिशत १२.०१ रहेकोमा चालु आर्थिक वर्षमा ०.८१ प्रतिशतले मात्र बढ्ने अनुमान छ।

*चार्ट २: औद्योगिक समुह अनुसार कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,२०८२ ** संशोधित *अनुमानित

## प्रदेशको अर्थतन्त्र

१.६ राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा देखिएको सकारात्मक सङ्केत, पेट्रोलियम पदार्थको मूल्यमा आएको कमी, विप्रेषण आप्रवाहमा देखिएको बृद्धि तथा आन्तरिक बजारको समष्टिगत मागमा भएको बढोत्तरीको प्रत्यक्ष र सकारात्मक प्रभाव गण्डकी प्रदेशको अर्थतन्त्रमा पनि परेको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर अन्य प्रदेशहरूको तुलनामा सबैभन्दा उच्च रहने अनुमान छ। विदेशी पर्यटकको आगमनमा भएको वृद्धिका कारण गण्डकी प्रदेशको अर्थतन्त्र विस्तार हुँदा उच्च दरको आर्थिक वृद्धि हासिल गर्न सहज भएको हो। यद्यपी, यस्तो वृद्धिलाई दिगो र समावेशी बनाउन स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा जोड दिनु आवश्यक छ।

१.७ आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक अनुमान बमोजिम उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा धेरै गण्डकी प्रदेश (५.५१ प्रतिशत) मा र त्यसपछिको धेरै बागमती प्रदेश (५.१८ प्रतिशत) मा देखिन्छ। त्यसैगरी, सबैभन्दा थोरै वृद्धिदर सुदूरपश्चिम प्रदेश (३.३२ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान रहेको छ। स्थिर मूल्यमा मापन गरीएको उपभोक्ता मूल्यको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ४.६१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरीएकोमा गण्डकी, बागमती, कर्णाली र लुम्बिनी प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा धेरै र बाँकि प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा थोरै हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०७९/८० देखि आर्थिक वर्ष २०८१/८२ सम्मको अवधिमा सबै प्रदेशको आर्थिक वृद्धिदर क्रमशः वृद्धि हुदै गएको देखिन्छ। यद्यपी, आर्थिक वर्ष २०८०/८१ बाट आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर सामान्य रूपमा बढेको देखिन्छ।

*चार्ट ३: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको बृद्दिदर (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ प परीमार्जित प्रा प्रारम्भिक अनुमान

१.८ गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आर्थिक वर्ष २०८१/८२ का लागि करिब रु. ५ खर्ब ४८ अर्ब हुने प्रारम्भिक अनुमान गरीएको छ भने गत आर्थिक वर्ष २०८०/८१ मा करिब रु. ५ खर्ब १८ अर्ब रहने संशोधित अनुमान गरीएको छ। चालु आर्थिक वर्षमा यस प्रदेशको स्थिर मूल्यमा मापन गरीएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.५१ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आर्थिक वर्ष २०८०/८१ मा ४.०९ प्रतिशत रहने संशोधित अनुमान गरीएको छ।

१.९ आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ४.८८ प्रतिशत र उपभोक्ता मूल्यमा ५.५१ प्रतिशत हुने अनुमान छ।

१.१० राष्ट्रिय तह र गण्डकी प्रदेशको उपभोक्ता मूल्यमा वार्षिक बृद्धिदरलाई तुलना गर्दा धेरै जसो वर्षहरूमा गण्डकीको बृद्धिदर राष्ट्रिय वृद्धिदर भन्दा उच्च रहन गएको छ भने आर्थिक वर्ष २०७७/७८ मा केहि कमी रहेको छ। आर्थिक वर्ष २०६७/६८ मा राष्ट्रिय बृद्धिदर २.३७ प्रतिशतले ऋणात्मक हुन गए तापनि गण्डक प्रदेशको जम्मा ०.७१ प्रतिशत ऋणात्मक रहेको थियो।

*चार्ट ४: उपभोक्ता मुल्यमा वार्षिक बृद्धिदर(प्रतिशतमा)*



| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१** | २०८१/८२* |
|---|---|---|---|---|---|---|---|
| गण्डकी | ६.९३ | -०.७१ | ४.२१ | ५.८८ | ३.८ | ४.०९ | ५.५१ |
| राष्ट्रिय | ६.६६ | -२.३७ | ४.८४ | ५.६३ | १.९८ | ३.६७ | ४.६१ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ ** सम्शोधित अनुमान * प्रारम्भिक अनुमान

१.११ देशको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान २०७५/७६ देखि २०७८/७९ सम्म केहि थप घट भएता पनि आर्थिक वर्ष २०७९/८० मा अन्य आर्थिक वर्षको तुलनामा केही उच्च रहेको छ। आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान ९.०६२ प्रतिशत रहेको छ भने चालु आर्थिक वर्षको प्रारम्भिक अनुमान ८.९६७ (९.०) प्रतिशत रहेको छ।

*चार्ट ५: कुल राष्ट्रीय उत्पादनमा गण्डकी प्रदेशको योगदान*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ ** सम्शोधित अनुमान * प्रारम्भिक अनुमान

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.१२ अर्थतन्त्रको मापनको लागि ३ क्षेत्रहरू भित्र १८ वटा बृहत आर्थिक क्षेत्रहरू रहेका छन्। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन मध्ये प्राथमिक वा कृषि क्षेत्रको योगदान २७.८ प्रतिशत, द्वितीय वा उद्योग क्षेत्रको योगदान १६.५ प्रतिशत र तृतीय वा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २७.० प्रतिशत, १६.८ प्रतिशत र ५६.२ प्रतिशत रहेको संशोधित अनुमान रहेको छ।

*चार्ट ६: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ ** सम्शोधित अनुमान * प्रारम्भिक अनुमान

## औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान

१.१३ आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २७.१ प्रतिशत रहने अनुमान छ। त्यसैगरी सामान्य प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षाको ११.५ प्रतिशत, शिक्षा क्षेत्रको ८.३ प्रतिशत, निर्माण क्षेत्रको ७.८ प्रतिशत र अन्य क्षेत्रको चार्ट नं. ७ मा प्रस्तुत गरे बमोजिम रहने अनुमान छ। कृषि वन तथा मत्स्य, खानि तथा उत्खनन् विद्युत तथा ग्यास, निर्माण, आवस तथा भोजन सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा र मानव स्वास्थ्यमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको तुलनामा क्षेत्रगत योगदान केहि माथि रहने अनुमान गरीएको छ।

*चार्ट ७: गण्डकी प्रदेश र नेपालको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

१.१४ गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औसतभन्दा माथि रहँदै आएको छ। प्रचलित मूल्यमा अमेरिकी डलरमा मापन गरीने गण्डकी प्रदेशको प्रतिव्यक्ति आय पछिल्ला आर्थिक वर्षदेखि नै क्रमशः बढ्दै आएको छ। यद्यपि, नेपाली रूपैयाँको तुलनामा अमेरिकी डलरको विनिमय दर बढ्दै गएकोले गर्दा स्थानीय मुद्रा र अमेरिकी डलरमा मापन गरीने प्रतिव्यक्ति आयको वार्षिक वृद्धिदर भने घटबढ भइरहने गरेको छ। आर्थिक वर्ष २०७९/८० को प्राप्ति भन्दा २०८०/८१ को संशोधित अनुमान

७१ ले बढी रहेको  छ भने चालु आर्थिक वर्षमा प्रतिव्यक्ति आय १६२० अमेरिको डलर पुग्ने अनुमान गरीएको छ।

*चार्ट ८: पछिल्लो ६ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय , २०८२ ** सम्शोधित अनुमान * प्रारम्भिक अनुमान

# २. सार्वजनिक वित्त

२.१ वित्तीय संघीयताको मर्म अनुरुप सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको सुदृढीकरणको लागि गण्डकी प्रदेश सरकार प्रतिवद्व छ । संविधान प्रदत्त अधिकारको उपयोग गरी सार्वजनिक वित्त व्यवस्थापनका सर्वमान्य सिद्वान्त र राज्यका मार्गदर्शक कानूनको अधिनमा रही प्रदेश सरकारले नीतिगत, कानूनी, संस्थागत व्यवस्था सहित समसामयिक सुधार गर्दै आएको छ।

२.२ वित्तीय संघीयतालाई कार्यान्वयन गर्न प्रदेश सरकारले खर्च व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको छ भने राजस्व अधिकार र अन्तरसरकारी वित्त हस्तान्तरणका औजारहरू प्रयोग हुँदै आएका छन्। यद्यपि, आन्तरिक स्रोत तथा राजस्व परिचालनमा कमजोर प्रदेश सरकार बजेट तर्जुमामा संघीय सरकार माथि अत्याधिक निर्भरताको अवस्थामा छ। सीमित स्रोतको अधिकार, नीतिगत, कानूनी प्राबधानको अभाव, संयुक्त आधिकार क्षेत्रको अन्योलता जस्ता सवालका कारण प्रयाप्त सबलहुन भने सकेको छैन ।

## प्रदेश सरकारको वित्तको आकार

२.३ आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशको कुल गार्हस्थ्य उत्पादनको तुलनामा प्रदेश सरकारको खर्चको अनुपात भन्दा आयको अनुपात उच्च रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको खर्च र विनियोजनको अनुपात क्रमशः ४.३ र ६.५ प्रतिशत रहेको छ।

*चार्ट १:प्रदेश सरकारको विनियोजन र खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)*




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

२.४ आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ को अवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा बजेट बचतको अनुपात आर्थिक वर्ष २०७५/७६ मा उच्च रहेको छ भने सबै भन्दा कम आर्थिक वर्ष २०८०/८१ मा ०.२३ प्रतिशत रहेको थियो। बजेट बचतको अनुपात क्रमश घट्दै आएको देखिन्छ।

*चार्ट १०: कुल गार्हस्थ्य उत्पादनमा बजेट वचतको अनुपात*




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय,२०८२

२.५ प्रदेश सरकारको आन्तरिक आयले सरकारको चालु खर्च समेत धान्न नसक्ने अवस्था रहेको छ। चालु खर्च र आन्तरिक आय बिचको अन्तरलाई तुलना गरी हेर्दा बिगतका आर्थिक वर्षहरुमा भन्दा आर्थिक वर्ष २०८०/८१ मा केहि सुधार भएको देखिन्छ। यस तथ्याङ्कले प्रदेशको आम्दानी निकै कमजोर रहेको देखाउछ।

*चार्ट ११: आन्तरिक आय र खर्चको फरक*




स्रोतः आर्थिक मामिला मन्त्रालय, प्र.ले.नि.का गण्डकी प्रदेश,२०८१

२.६ आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्ममा वित्तको आकार कुल गार्हस्थ्य उत्पादनको अनुपातमा घटबढ भएता पनि आर्थिक वर्ष २०७९/८० र २०८०/८१ लाई तुलना गर्दा आन्तरिक आम्दानीको अनुपात यथावत रहेको छ भने अन्य वित्तीय आकारहरूमा गिरावट आएको छ।

*तालिका २: प्रदेश सरकारको वित्तको आकार (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)*

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकारको खर्च | ४.१ | ५.९ | ६.६ | ५.० | ४.९ | ४.३ |
| चालु खर्च | १.५ | १.८ | २.१ | १.७ | १.७२ | १.४६ |
| पुँजीगत खर्च | २.६ | ४.० | ४.६ | ३.३ | ३.१ | २.८२ |
| आन्तरिक आम्दानी | ०.६ | ०.४१ | ०.४९ | ०.५२ | ०.४४ | ०.४४ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ३.७६ | ४.३ | ३.६ | ३.१२ | २.६६ | १.९४ |
| प्रदेश सरकारको आय | ६.२ | ८.४ | ७.६ | ६.०८ | ५.६ | ४.६ |
| बजेट बचत (+)/न्यून(-) | २.१ | १.७८ | ०.७४ | ०.९७ | ०.६० | ०.२३ |

स्रोतः आर्थिक मामिला मन्त्रालय तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

## प्रदेश सरकारको खर्च

२.७ आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्मको प्रदेश सरकारको चालु, पुँजिगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्च तुलना गर्दा चालुतर्फ २०७९/८० मा पुँजीगततर्फ २०७७/७८ मा सबै भन्दा बढी खर्च भएको देखिन्छ। भने वित्तीय व्यवस्थातर्फ हाल सम्म कुनै पनि रकम खर्च भएको देखिदैन।

*तालिका ३: प्रदेश सरकारको बजेट विनियोजन र तुलनात्मक खर्च स्थिति (रु लाखमा)*

| आ व | चालु | चालु खर्च | पुँजीगत | पुँजीगत खर्च | वित्तीय व्यवस्था | वित्तीय व्यवस्था खर्च |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | ८११५५.२ | ५२११०.३ | १५९०७८.३ | ८७१७०.० | | |
| २०७६/७७ | १२२८५७.७ | ६४२६९.२ | १९८४९०.२ | १३९८६७.० | | |
| २०७७/७८ | १४८४२६.८ | ८०२७८.६ | १९९९९४.८ | १७५९५५.५ | २००००.० | - |
| २०७८/७९ | १२६०४२.१ | ७५८०१.२ | १८५०८६.८ | १४४६३८.२ | २४००.० | - |
| २०७९/८० | १२५५७१.५ | ८३५३५.२ | २२८५१८.५ | १५२६१३.६ | ५०००.० | - |
| २०८०/८१ | १२७०९६.९ | ७५७६७.० | २०२१७५.१ | १४६२९४.२ | ५०००.० | - |
| २०८१/८२* | १३१६०५.८ | ४१८०२.९६ | १९५१७९.९ | ५३५०२.६ | ३०००.० | |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८१ * फागुन मसान्तसम्म

२.८ आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कुल बजेटको आकार नै करीब १.३४ प्रतिशतले घटे तापनि फागुन मसान्तसम्मको खर्च भने बढेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल विनियोजित बजेटको २४.८३ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०८१/८२ को सोही अवधीमा कुल बजेटको २८.८९ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ को चालु र पूँजिगत व्यवस्थाको खर्च चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा क्रमश १.४१ र ५.४५ प्रतिशतले बृद्धि भएको छ भने कुल खर्च ४.०६ प्रतिशतले बृद्धि भएको छ।

*तालिका ४: प्रदेश सरकारको बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रु लाखमा)*

| विवरण | २०८०/८१* | | | २०८१/८२* | | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | खर्च प्रतिशत परिवर्तन |
| चालु | १२७३६७.३८ | ३८६५२.८ | ३०.३५ | १३१६०५.८ | ४१८०२.९६ | ३१.७६ | १.४१ |
| पूँजीगत | २०१९०४.६२ | ४४३४३.३ | २१.९६ | १९५१७९.९ | ५३५०२.६ | २७.४१ | ५.४५ |
| वित्तीय | ५००० | ०.०० | ०.०० | ३०००.० | ०.०० | ०.०० | ०.०० |
| कुल | ३३४२७२ | ८२९९६.१ | २४.८३ | ३२९७८५.८ | ९५३०५.६ | २८.८९ | ४.०६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, * फागुन मसान्तसम्म

२.९ आर्थिक वर्ष २०८०/८१ सम्म गण्डकी प्रदेश सरकारको कुल खर्चको तुलनामा पूँजीगत खर्चको अनुपात उच्च रहँदै आएकोमा यस आर्थिक वर्षमा पनि सोही प्रवृति रहने देखिएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल खर्चमा पूँजीगत खर्च र चालु खर्चको अनुपात क्रमशः ५८.३१ प्रतिशत र ४१.६९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस आर्थिक वर्षमा पूँजिगत खर्च बढेता पनि चालु खर्च भने घटेको देखिन्छ।

*चार्ट १२:प्रदेश सरकारको चालु र पूँजिगत खर्च संरचना*




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश र आर्थिक मामिला मन्त्रालय, २०८२

२.१० आर्थिक वर्ष२०७८/७९ देखि २०८१/८२ फागुनसम्म बिभिन्न महिनाहरूमा प्रदेश सरकारको पूँजिगत खर्चको विवरण तुलना गर्दा अन्य महिनामा भन्दा असार महिनामा खर्चको प्रवृति बढी देखिन्छ। आर्थिक वर्षको अन्तिम महिना भएकोले अन्य महिनाको तुलनामा असार महिनामा भुक्तानीमा बढी चाप पर्ने भएकाले समेत खर्चको प्रतिशत बढी देखिन्छ।

*चार्ट १३:महिना अनुसार पूँजिगत खर्चको विवरण*




स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८१

२.११ आर्थिक वर्ष२०७७/७८ देखि २०८१/८२ फागुनसम्ममा चालु तर्फका शीर्षकहरूमा भएको खर्चको विवरणलाई हेर्दा मालसामान खर्च शीर्षकमा तुलना गरिएका पहिला चारवटा आर्थिक वर्षहरूमा धेरै खर्च हुने गरेको देखिएको छ। खर्च गर्ने प्रवृति चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा पारिश्रमिक सुबिधा तर्फ बढेको देखिन्छ। तुलना गरिएका पहिला चारवटा आर्थिक वर्षहरूमा खर्च शीर्षक मालसामान तर्फ अन्य आर्थिक वर्षको भन्दा आर्थिक वर्ष २०७८/७९ मा बढी रहेको देखिन्छ। अन्य आर्थिक वर्षमा मालसामानतर्फ धेरै रकम खर्च भएकोमा चालु आर्थिक वर्षमा कम खर्च भएको छ। विहतका प्रवृतिलाई अध्ययन गर्दा यस वर्षको चालु खर्चमा खर्च रकम केही बृद्धि हुने देखिन्छ।



| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| पारिश्रमिक सुविधा | १६.० | १८.१ | १८.७ | २१.१ | ८०.३ |
| मालसामान | ४९.५ | ५१.४ | ४८.८ | ४५.७ | ०.० |
| न्यायिक शुल्क | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अनुदान | ३१.६ | २६.२ | २८.२ | २७.९ | ०.० |
| सहायता | ०.० | ०.० | ०.० | ०.० | ८.९ |
| सामाजिक सुरक्षा | २.६ | ३.७ | ३.८ | ४.९ | ९.३ |
| अन्य खर्च | ०.३ | ०.५ | ०.५ | ०.५ | १.६ |

स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८१ *फागुन मसान्तसम्म

२.१२ आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्म गण्डकी प्रदेश सरकारले विनियोजन गरेको जम्मा बजेट बीच तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा बढी विनियोजन भएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७८/७९ मा चालु आर्थिक वर्षको तुलनामा क्रमशः २७.१५ प्रतिशत, २.५५ प्रतिशत र ४.९२ प्रतिशत ले कम बजेट विनियोजन भएको देखिन्छ भने आर्थिक वर्ष २०७७/७८, २०७९/८० र २०८०/८१ मा क्रमशः ५.६५ प्रतिशत, ८.८८ प्रतिशत र १.३६ प्रतिशत ले बढी बजेट बिनियोजन भएको देखिन्छ।

*तालिका ५: आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८१/८२ सम्म विनियोजित कुल बजेट*

| आ.व. | चालु | पुजिगत | वित्तीय व्यवस्था | कुल जम्मा |
|---|---|---|---|---|
| २०७५/७६ | ८,११५,५१५,००० | १५,९०७,८३३,००० | - | २४,०२३,३४८,००० |
| २०७६/७७ | १२,२८५,७७२,००० | १९,८४९,०२०,००० | - | ३२,१३४,७९२,००० |
| २०७७/७८ | १२,८४२,६८४,००० | १९,९९९,४७६,००० | २,०००,०००,००० | ३४,८४२,१६०,००० |
| २०७८/७९ | १३०८२०६७००० | १६,७३,४६,३३,००० | २४०,०००,००० | ३०,०५,६७,००,००० |
| २०७९/८० | १२,५५७,१४९,२०२ | २२,८५१,८५०,७९८ | ५००,०००,००० | ३५,९०९,०००,००० |
| २०८०/८१ | १२,७०९,६९०,००० | २०,२१७,५१०,००० | ५००,०००,००० | ३३,४२७,२००,००० |

| २०८१/८२ | १३,१६०,५८२,००० | १९,५१७,९९३,००० | ३००,०००,००० | ३२,९७८,५७५,००० |
|---|---|---|---|---|

*स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८१*

*चार्ट १५:हाल सम्म बिभिन्न आर्थिक वर्षमा विनियोजित बजेट (रु लाखमा)*




स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८२

२.१३ गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्ष सम्म विनियोजन गरेको कुल बजेटमा सबै भन्दा बढी अनुमान आर्थिक वर्ष २०७९/८० मा रु. ३५ अर्ब ९० करोड ९० लाख विनियोजन भएको थियो भने सोही आर्थिक वर्षमा प्राप्ति र विनियोजन बीचको फरक २४.५२ प्रतिशतले कम रहेको छ। तुलना अवधिका आर्थिक वर्षहरूलाई हेर्दा सबै भन्दा धेरै प्राप्ति र विनियोजन बीचको फरक आर्थिक वर्ष २०८०/८१ मा २८.७८ प्रतिशतले कम रहेको छ।

*तालिका ६:बजेट अनुमान र प्राप्ति बीचको अन्तर*

| आ. व. | कुल विनियोजन | जम्मा प्राप्ति | फरक(प्राप्ति-विनियोजन) | फरक प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | २४०२३३४८००० | २१०८२२२११०० | -२९४११२६९०० | -१२.२४ |
| २०७६/७७ | ३२१३४७९२००० | २९०७२५३०००० | -३०६२२६२००० | -९.५२९ |
| २०७७/७८ | ३४८४२१६०००० | २९३०२६१५००० | -५५३९५४५००० | -१५.९ |
| २०७८/७९ | ३००५६७००००० | २७०४६१६२५०० | -३०१०५३७५०० | -१०.०१ |

| | | | | |
|---|---|---|---|---|
| २०७९/८० | ३५९०९०००००० | २७१०४७४२७५६ | -८८०४२५७२४४ | -२४.५२ |
| २०८०/८१ | ३३४२७२००००० | २३८०५६४९००० | -९६२१५५१००० | -२८.७८ |

स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८१

*चार्ट १६:बजेट अनुमान र प्राप्ति बीचको अन्तर*




स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

## प्रदेश सरकारको स्रोत

२.१४ आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म प्रदेश सरकारले कुल रू.१४ अर्ब ६९ करोड ४० लाख राजस्व परिचालन गरेको छ भने गत आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा त्यस्तो राजस्व कुल रू.१६ अर्ब ३५ करोड ९० लाख रहेको थियो।

२.१५ आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्ष को फागुन मसान्तसम्ममा संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँट र प्रदेश सरकारको आन्तरिक राजश्वको अंशलाई सत प्रतिशत मान्दा संघ सरकारबाट प्राप्त राजश्व बाँडफाँटको योगदान प्रदेश सरकारको आन्तरिक राजश्वको भन्दा क्रमशः ४०.०७, ३३.३०, ३३.७९, ३२.६६, ३०.७०, २९.४४ र ४५.६२ प्रतिशतले बढी रहेको देखिन्छ।

तालिका ७: संघीय सरकारबाट प्राप्त राजश्व र आन्तरिक राजश्वको हिस्सा




स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, २०८१ *फागुन मसान्तसम्म

## प्रदेश सरकारको आय

२.१६ प्रदेश सरकारको कुल आयमा संघ सरकारबाट प्राप्त अनुदानको योगदान प्रदेश सरकारको जम्मा आम्दानीमा उच्च रहँदै आएको छ। यद्यपि पछिल्ला आर्थिक वर्षमा प्रदेश सरकारको आन्तरिक राजस्वको अंशमा वृद्धि हुँदै गएको छ। आन्तरिक ऋण र नेपाल सरकारबाट प्राप्त ऋणतर्फको आम्दानी बिगतका वर्षदेखि हालसम्म आवश्यक नीति र समन्वयको अभावले शुन्य रहेको छ। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश सरकारको कुल आयको सबैभन्दा बढी योगदान संघ सरकारबाट प्राप्त अनुदान ४७.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ फागुन मसान्तसम्म त्यस्तो योगदान ३९.८६ प्रतिशत रहेको थियो।

२.१७ गण्डकी प्रदेशको संचित कोष आर्थिक वर्षको अन्त्यमा नगद मौज्दात सकारात्मक अवस्थामा रहेकोले बजेट तर्जुमाको समयमा सहज हुने गरेको छ। विगत तीन आर्थिक वर्षहरूको नगद मौज्दात क्रमशः घट्दै आएको देखिन्छ। यसरी नगद मौज्दात घट्दै जानुले आगामी वर्षहरूको बजेट तर्जुमाका बखत केहि अप्ठ्यारो स्थिति सिर्जना हुने देखिन्छ। चालु आर्थिक वर्ष प्रदेश सरकारको स्रोत संरचनाको प्रवृत्ति हेर्दा कुल आयको जम्मा ७.५ प्रतिशत मौज्दात रहेको छ।

*तालिका ८: प्रदेश सरकारको स्रोत संरचनाको प्रवृत्ति*

| आम्दानी तर्फ | २०७६-७७ | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२* |
|---|---|---|---|---|---|---|
| राजस्व बाँडफाँट | १६.६ | २२.२ | २७.७ | २७.१ | २९.२ | ३२.७ |
| जम्मा संघीय अनुदान | ५२.० | ४७.७ | ५१.१ | ४७.० | ४३.८ | ४७.९ |
| रोयल्टी | १.० | १.० | ०.९ | १.२ | १.२ | ०.० |
| आन्तरिक स्रोत | ८.३ | १०.१ | १३.१ | १३.४ | १५.८ | १२.० |
| गत वर्षको नगद मौज्दात | २२.२ | १९.१ | ७.१ | ११.३ | ९.८ | ७.५ |
| आन्तरिक ऋण | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| नेपाल सरकारबाट प्राप्त हुने ऋण | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, २०८१ *फागुन मसान्तसम्म

२.१८ गण्डकी प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त आय सबैजसो आर्थिक वर्षहरूमा करीब समान रुपमा रहेको छ। अघिल्ला वर्षहरूमा जस्तै यस आर्थिक वर्षको फागुन मसान्तसम्म पनि मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर र पर्यटन शुल्कमा ज्यादै न्यून आम्दानी भएको देखिन्छ। विगतका वर्षहरूमा सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा दस्तुर र दण्ड जरिवानाको योगदान क्रमशः राम्रो रहेको पाईन्छ भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्म पनि सोही प्रवृत्ति कायम रहेको देखिन्छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशको आन्तरिक आयमा सबै भन्दा बढी योगदान सवारी साधन करको ५३.९३ प्रतिशत रहेको छ।

*तालिका ९: प्रदेश सरकारको कर अधिकारको आम्दानीको हिस्सा प्रतिशतमा*

| करको प्रकार | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
| घर जग्गा | ३९.९६१ | ३६.३३२ | ४४.५६९ | ३२.२९७ | ३२.८५१ | २७.३०४ |
| सवारी | ४२.५५७ | ४३.१८७ | ३८.२३४ | ४९.५७० | ४८.८४४ | ५३.९३४ |
| मनोरञ्जन | ०.०९७ | ०.००० | ०.०२१ | ०.०६५ | ०.२३४ | ०.००० |
| विज्ञापन | ०.२४६ | ०.००१ | ०.००० | ०.०१२ | ०.०६२ | ०.०४१ |
| कृषि आय | ०.००० | ०.००० | ०.००० | ०.००० | ०.००१ | ०.००० |
| सेवा सुल्क दस्तुर | १३.५५६ | १७.७६५ | १५.८२८ | १५.९४४ | १५.६०१ | १६.५७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **पर्यटन शुल्क** | ०.००३ | ०.००० | ०.००० | ०.००० | ०.००० | ०.०४३ |
| **दण्ड जरिवाना** | ३.५८० | २.७१४ | १.३४८ | २.१११ | २.४०७ | २.१०४ |
| **जम्मा** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश,२०८१ *फागुन मसान्तसम्म

## संघ सरकारबाट प्राप्त अनुदान

२.१९ आर्थिक वर्ष २०७९/८० मा संघ सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानको खर्च औसतमा ७६.७ प्रतिशत रहेको छ। त्यस्तो खर्च आर्थिक वर्ष २०८०/८१ मा ९८.६० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा संघ सरकारबाट प्राप्त अनुदान मध्ये सबैभन्दा बढी वित्तीय समानीकरण अनुदानमा खर्च भएको छ भने सबैभन्दा कम समपूरक तर्फ खर्च भएको छ।

*तालिका १०: संघ सरकारबाट बिनियोजन र प्राप्त अनुदानको खर्चगत उपलब्धी (प्रतिशतमा)*

| अनुदान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| **वित्तीय समानीकरण** | ७०.४ | ५२.२ | ८३.० | ८१.९ | ८७.५ | १०६.१४ |
| **सशर्त** | ८५.३ | ६८.९ | ८७.४ | ७९.२ | ७१.७ | ९५.४६ |
| **समपुरक** | ०.० | ४२.४ | ७४.६ | ४३.७ | ७१.७ | ५९.६२ |
| **विशेष** | ०.० | ६९.० | ७८.० | ७९.७ | ७५.९ | ९१.२७ |
| **जम्मा** | **७०.१** | **५९.१** | **८३.५** | **७८.४** | **७६.७** | **९८.६०** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा २०८१

२.२० संघीय सरकारबाट प्रदेश सरकारलाई अनुदानको रुपमा प्राप्तहुने रकम फरक फरक आर्थिक वर्षहरूमा फरक रहेको छ। अनुदानबाट प्राप्त रकम नियमानुसार खर्चहुन नसकेमा कानूनी व्यबस्था बमोजिम संघीय सरकारको कोषमा फिर्ता गर्नुपर्ने रकम आर्थिक वर्ष २०७६/७७ मा धेरै रहेको छ।




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा, २०८१

२.२१ आर्थिक वर्ष २०८०/८१ मा संघ सरकारबाट प्राप्त कुल अनुदानमा वित्तीय समानीकरण अनुदानको योगदान सबैभन्दा धेरै ५६ प्रतिशत रहेको छ। त्यसपछि सशर्त अनुदान ३० प्रतिशत छ भने विशेष र समपुरक अनुदानको अनुपात क्रमशः ६.९१ प्रतिशत र ७.०१ प्रतिशत रहेको छ। विगत आर्थिक वर्षहरूमा पनि विभिन्न प्रकारका अनुदानको योगदान यस्तै प्रवृत्तिमा रहे पनि प्रदेश सरकारको प्रमुख आयस्रोतका रुपमा भने वित्तीय समानीकरण अनुदान नै रहदै आएको छ।

*चार्ट १८: अनुदानको योगदान*




स्रोतः आर्थिक मामिला मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयका विवरण

२.२२ आर्थिक वर्ष २०७८/७९ को औसतमा कुल विनियोजनको ७३.६ प्रतिशत निकासा भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको तर्फबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणमा विनियोजन भएको कुल रकमको ७२.९८ प्रतिशत हस्तान्तरण भएको छ। वित्तीय हस्तान्तरणमा विनियोजनको आर्थिक वर्ष २०७९/८० मा भने ७४.५ प्रतिशत हस्तान्तरण भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान र वित्तीय समानीकरण अनुदान क्रमशः ७९.२९ र ७५ प्रतिशत रहेको छ।

२.२३ गण्डकी प्रदेश सरकारले प्रशासकीय भवन निर्माण, क्रमागत आयोजना, साझेदारी बिकास आयोजना (गत आ.ब २०७९/८० को निरन्तरता) र वडा कार्यालय भवन साझेदारीमा विनियोजित रकम स्थानीय तहलाई आर्थिक वर्ष २०७९/८० मा ५० प्रतिशत हस्तान्तरण भएको थियो सो रकम माथि उल्लेखित शीर्षकमा हाल सम्मकै उच्च रकम भुक्तानी रहेको छ। चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा जम्मा १ प्रतिशत मात्र हस्तान्तरण भएको छ।

*तालिका ११:स्थानीय तहलाई भएको विनियोजनको तुलानामा हस्तान्तरण (प्रतिशतमा)*

| आर्थिक वर्ष | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान |
|---|---|---|---|---|
| २०७५/७६ | १०० | ० | ९७.५६ | ६०.२६७५ |
| २०७६/७७ | १०० | ७३.७६ | ७२.७० | ४८.५५९१ |
| २०७७/७८ | १०० | ६३.९३ | ६४.२० | ४२.९४१० |
| २०७८/७९ | १०० | ७१.५ | ६१.१० | ४०.१६४९ |
| २०७९/८० | ८७.३८ | १३५.२९ | ६६.०५ | ७४.९७१७ |
| २०८०/८१ | ७५ | ७९.२९ | ६८.६५ | ३९.२०२१ |
| २०८१/८२* | ७५ | ५०.०० | ३.३८ | ४६.०६ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विवरण *फागुन मसान्तसम्म

## राजस्व बाँडफाँट

आर्थिक वर्ष २०८०/८१ मा सवारी साधन कर बापत प्रदेश सरकारले कुल १ अर्ब ८८ करोड २७ लाख ६७ हजार सङ्कलन गरेकोमा ४० प्रतिशतका हिसावले ७५ करोड ३१ लाख ७ हजार स्थानीय तहलाई बाँडफाँट गरीएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा सवारी साधन करबापत प्रदेश सरकारले कुल १ अर्ब ४८ करोड २१ लाख ६९ हजार सङ्कलन गरेकोमा ५९ करोड २८ लाख ६८ हजार रुपैया स्थानीय तहलाई बाँडफाँट गरीएको थियो। आर्थिक वर्ष २०८१/८२ को फागुन महिनासम्म सवारी साधन करबापत ५७ प्रतिशत कर संकलन भएको छ, गत आर्थिक वर्षको सोही अवधिमा उक्त कर ६५.०८ प्रतिशत संकलन भई बाँडफाँट भएको थियो। प्रत्येक आर्थिक वर्षमा सवारी साधन करबाट प्राप्त राजस्व स्थानीय तहलाई ४० प्रतिशत कादरले बाँडफाँट गरीएको छ।




*तालिका १२:सवारी साधन कर प्राप्ति प्रतिशत लक्ष्यको आधारमा*

| शिर्षक | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| सवारी साधन कर | १३१ | ११६ | १३७.८० | ९९ | १००.१२ | ९४.१४ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विवरण तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण *फागुन मसान्तसम्म

२.२४ आर्थिक वर्ष २०७५/७६ देखि वार्षिक बजेटमा लक्ष्य अनुमान गरी सवारी साधन कर प्रशासन हुदै आएको छ। प्रदेश सरकारको नयाँ अभ्यासमा राजस्व अनुमान गर्ने पर्याप्त आधार तयार भइ नसकेकाले शुरुवातका आर्थिक वर्षमा अनुमान भन्दा बढी कर सङ्कलन भइरहेको थियो। हालका वर्षहरूमा भने सवारी साधन कर प्राप्ति अनुमानको नजिक पुगेको देखिन्छ।

*चार्ट २०:सवारी साधन कर अनुमान र सङ्कलनको प्रवृत्ति(रू.लाखमा)*




स्रोतः आर्थिक मामिला मन्त्रालयको प्रतिवेदन, २०८२

## बैक तथा वित्तीय संस्था

३.१ आर्थिक वर्ष २०८१/८२ मा प्रचलित मूल्यमा मापन गरीएको वित्तीय तथा बीमा गतिविधिहरू कुल मूल्य अभिवृद्धिको राष्ट्रिय गार्हस्थ्य उत्पादनमा ६.२९ प्रतिशत र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ८.१३ प्रतिशत योगदान रहने अनुमान छ। गत आर्थिक वर्षमा राष्ट्रीय तहमा ७.९४ र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा गतिविधिहरू योगदान ४.६८ प्रतिशत रहेको थियो।

*तालिका १३: वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या*

| आर्थिक वर्ष | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त संस्था | जम्मा | जनसंख्या (प्रतिशाखा) |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | ३९६ | २५३ | २८ | ४९७ | ११७४ | २१५४ |
| २०७६/७७ | ५५५ | १७९ | २९ | ५२५ | १२८८ | १९६४ |
| २०७७/७८ | ५७७ | १८२ | ३३ | ५७४ | १३६६ | १८५१ |
| २०७८/७९ | ५९९ | १९० | ३६ | ५९१ | १४१६ | १७४२ |
| २०७९/८० | ६०१ | १९० | ३७ | ५७६ | १४०४ | १७५७ |
| २०८०/८१ | ५९९ | १९१ | ३७ | ५७३ | १४०० | १७६२ |
| २०८१/८२* | ६०५ | १८९ | ३७ | ५७१ | १४०२ | १७५९ |

स्रोतः नेपाल राष्ट्रबैंक पोखरा शाखा, २०८२ *फागुन मसान्तसम्म

३.२ आर्थिक कारोवारलाई भरपर्दो, बिश्वसनीय, पारदर्शी, सुलभ र बिवाद रहित बनाउनको लागि गण्डकी प्रदेशमा बैंक तथा बित्तीय संस्थाको पहुँचको अवस्था राम्रो देखिन्छ। गण्डकी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको छ। आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म गण्डकी प्रदेशका ११ जिल्लामा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाका गरी कुल १४०२ शाखा कार्यालयहरू रहेका छन् भने अघिल्लो आ.व मा सोहि समयमा जम्मा १४०० बटा शाखा रहेका थिए। जसमध्ये वाणिज्य बैंकका ६०५, विकास बैंकका १८९, वित्त कम्पनीका ३७ र लघुवित्त संस्थाका ५७१ शाखाहरू रहेका छन्।

३.३ बैंक तथा वित्तीय संस्थाका शाखाका आधारमा प्रदेशमा प्रतिशाखा औसत जनसङ्ख्या १७५९ रहेको छ जुन राष्ट्रिय औसतभन्दा राम्रो अवस्थामा रहेको छ। शाखा संख्याको आधारमा हेर्दा वाणिज्य

*चार्ट २१: शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको योगदान*




स्रोतः नेपाल राष्ट्रबैंक, पोखरा शाखा, २०८२

## बैंकको निक्षेप तथा कर्जा लगानी

३.४ गण्डकी प्रदेशमा रहेका विभिन्न बैंक तथा वित्तीय संस्थाबाट आर्थिक वर्ष २०८०/८१ मा रू.५ खर्ब ३४ अर्ब ५१ करोड निक्षेप सङ्कलन भएकोमा रू.३ खर्ब ४९ अर्ब ७ करोड कर्जा लगानी भएको थियो। उक्त रकम आर्थिक वर्ष २०७९/८० को भन्दा संकलन तर्फ रू ६३ अर्ब ७९ करोड र कर्जा लगानी तर्फ रु ५ अर्ब ५५ करोडले बढी हो। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म रू.५ खर्ब २ अर्ब १८ करोड निक्षेप सङ्कलन भएकोमा रू.३ खर्ब ४७ अर्ब ३९ करोड कर्जा लगानी भएको थियो भने आर्थिक वर्ष २०८१/८२ को सोहि अवधिमा ५ खर्ब ६३ अर्ब १६ करोड निक्षेप संकलन भएकोमा रु ३ खर्ब ५३ अर्ब ८३ करोड कर्जा प्रवाह भएको छ।

*तालिका १४: बैंकहरूबाट भएको कर्जा संकलन र लगानीको तुलनात्मक रेखा चित्र (रु करोडमा)*




स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, २०८१

३.५ बैंकिङ पहुँचको विस्तारसँगै आधुनिक प्रबिधिको प्रयोग पनि भरपुर रुपमा बिस्तार भएको पाईन्छ। आर्थिक कारोबारलाई सहज, शुलभ, बिश्वसनीय, पारदर्शी र पहुँच योग्य बनाउनको लागि बिभिन्न

बैंकिङ सेवाहरू विस्तार भएका छन्। गण्डकी प्रदेशमा डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोबाइल बैंकिङ लगायतका बैंकिङ सेवाका औजारहरूमा उल्लेख्य विस्तार भएको पाईन्छ। गत वर्षहरूमा पनि मोवाईल बैंकिङ प्रयोग गर्नेको संख्या अन्य सेवाको संख्या भन्दा उच्च रहेको देखिन्छ। गत आर्थिक वर्षको फागुन मसान्त र चालु आर्थिक वर्ष को सोही अबधिको तुलना गर्दा एटिएम संख्या, डेबिट कार्ड संख्या, क्रेडिट कार्ड संख्या, प्रिपेड कार्ड संख्या, मोबाईल बैंकिङ ग्राहक संख्या र इन्टरनेट बैंकिङ ग्राहक संख्या क्रमश २.५३, ८.३९, ७.२०, ८२.४१, १०.६३, १४.९६ प्रतिशतले बृद्धि भएको पाईन्छ, जस मघ्ये प्रिपेड कार्ड संख्यामा अन्यको तुलनामा उच्च बृद्धि भएको देखिन्छ।

*तालिका १५: बैङ्किङ्ग सेबा सम्बन्धी सूचकहरूको विवरण*

| विवरण | आर्थिक वर्ष | | | | | फागुन मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८० | २०८१ | परिवर्तन प्रतिशतमा |
| एटिएम संख्या | ४८५ | ५२० | ५५७ | ५८१ | ६०५ | ५९४ | ६०९ | २.५३ |
| डेबिट कार्ड संख्या | ६१६,८९१ | ७७५,६४७ | १,००५,९७१ | १,२०५,९०५ | १,३०१,३२० | १,२७१,९८८ | १३७८६८३ | ८.३९ |
| क्रेडिट कार्ड संख्या | ७,९४५ | १०,०२७ | १४,१३८ | १७,९१७ | १९,०२३ | १८,८०३ | २०१५७ | ७.२० |
| प्रिपेड कार्ड संख्या | १,०११ | ७४८ | १,९०४ | ४,४६५ | ८,७७१ | ६,६६८ | १२१६३ | ८२.४१ |
| मोबाईल बैंकिङ ग्राहक संख्या | १,३२९,५२० | १,६४६,५०३ | २,११४,५७२ | २,४२२,९४८ | २,७४५,८०५ | २,६८३,४२९ | २९६८७३१ | १०.६३ |
| इन्टरनेट बैंकिङ ग्राहक संख्या | ५४,५०२ | ७०,६११ | १७७,०१५ | २०४,६९४ | २३७,६१६ | २२६,०११ | २५९८३३ | १४.९६ |

स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, २०८१

## सहकारी संस्था

३.६ गण्डकी प्रदेश सरकारको क्षेत्राधिकार भित्र उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय, र अन्य सेवाको क्षेत्रमा आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएका कुल सहकारी संस्था ९१९ रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा जम्मा ९४२ पुगेका छन्। त्यस्तै गरी निष्क्रिय सहकारीको संख्या ४५७ बाट घटेर ३६३ रहेका छन्।

३.७जिल्ला अनुसार दर्ता भएका सहकारीको तुलना गर्दा अन्य जिल्लामा भन्दा कास्की जिल्लामा सहकारीको संख्या बढी रहेको पाईएको छ भने सबै भन्दा कम सहकारी मनाङ जिल्लामा रहेका छन्। दर्ता कायम सहकारीको सङख्या धेरै भए पनि अद्यावधिक भई सक्रिय रुपमा सञ्चालित सहकारी संस्थाको सङ्ख्या २०७८/७९ को अन्त्यमा ४२२ बाट २०७९/८० को अन्त्यमा ४३५ पुगेको थियो भने आर्थिक वर्ष २०८०/८१ मा ४८५ रहेको संख्या चालु आर्थिक वर्ष को फागुन मसान्तसम्म सो संख्या ५५६ पुगेको छ।

*तालिका १६: जिल्लागत रुपमा दर्ता भएका सहकारीको बिवरण*

| क.स. | जिल्ला | २०८० साल | | | २०८१ साल | | |
|---|---|---|---|---|---|---|---|
| | | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रीय सहकारी | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रीय सहकारी |
| १ | कास्की | २२६ | १८२ | ४४ | २२५ | १९६ | २९ |
| २ | स्याङ्जा | १३५ | ६२ | ७३ | १३४ | ६८ | ६६ |
| ३ | तनहुँ | १२२ | ६८ | ५४ | ११७ | ८१ | ३६ |
| ४ | नवलपुर (ब.सु.पू.) | ५१ | ३८ | १३ | ५१ | ३८ | १३ |
| ५ | गोरखा | ५६ | २३ | ३३ | ५० | २९ | २१ |
| ६ | लमजुङ | ६६ | ३४ | ३२ | ६५ | ४० | २५ |
| ७ | मनाङ | १ | १ | ० | १ | १ | ० |
| ८ | मुस्ताङ | ७ | १ | ६ | ७ | २ | ५ |
| ९ | म्याग्दी | ५६ | १४ | ४२ | ५४ | १९ | ३५ |
| १० | बागलुङ | १२४ | ३८ | ८६ | १२० | ४८ | ७२ |
| ११ | पर्वत | ९८ | २४ | ७४ | ९५ | ३४ | ६१ |
| जम्मा | | ९४२ | ४८५ | ४५७ | ९१९ | ५५६ | ३६३ |

*स्रोत : सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, २०८१*

३.८ गण्डकी प्रदेशमा रहेका सहकारी संस्थाहरूको कार्य प्रकृतिको आधारमा फरक फरक वर्गीकरणमा परेका छन्। हाल सम्म दर्ता भएका सहकारीको विवरण अनुसार उत्पादक, सेवा, वित्तीय, उपभोक्ता र बहुउद्देश्यीय रहेका छन्। अन्य सहकारीको तुलनामा बित्तीय सहकारिको संख्या भने उच्च रहेको पाईन्छ। आर्थिक वर्ष २०८०/८१ मा सेवा र उपभोक्ता सहकारीको संख्या यथावत रहेता पनि अन्य सहकारीको संख्या भने घटेको पाईन्छ।

*तालिका १७:वर्गीकरणको आधारमा सहकारी संस्थाको विवरण*

| क.सं. | जिल्ला | २०८० साल | | | | | | २०८१ फागुन मसान्त सम्म | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्पादक | सेवा | वित्तीय | उपभोक्ता | बहुउद्देश्यीय | जम्मा | उत्पादक | सेवा | वित्तीय | उपभोक्ता | बहुउद्देश्यीय | जम्मा |
| १ | कास्की | ४७ | ६ | १३६ | ३ | ३४ | २२६ | ४६ | ६ | १३६ | ३ | ३४ | २२५ |
| २ | स्याङ्जा | ७३ | २ | ४६ | ३ | ११ | १३५ | ७२ | २ | ४६ | ३ | ११ | १३४ |
| ३ | तनहुँ | ४६ | २ | ४५ | ३ | २६ | १२२ | ४४ | २ | ४३ | ३ | २५ | ११७ |
| ४ | नवलपुर (ब.सु.पू.) | १६ | १ | १८ | २ | १४ | ५१ | १६ | १ | १८ | २ | १४ | ५१ |
| ५ | गोरखा | १३ | ६ | २२ | १ | १४ | ५६ | ११ | ६ | २० | १ | १२ | ५० |
| ६ | लमजुङ | १४ | ५ | ३७ | २ | ८ | ६६ | १३ | ५ | ३७ | २ | ८ | ६५ |
| ७ | मनाङ | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | ० | १ |
| ८ | मुस्ताङ | ० | ० | १ | ० | ६ | ७ | ० | ० | १ | ० | ६ | ७ |
| ९ | म्याग्दी | १२ | २ | १८ | ४ | २० | ५६ | ११ | २ | १७ | ४ | २० | ५४ |
| १० | बागलुङ | ४२ | १० | ३९ | २ | ३१ | १२४ | ४० | १० | ३७ | २ | ३१ | १२० |
| ११ | पर्वत | ४२ | ० | २८ | १ | २७ | ९८ | ४१ | ० | २६ | १ | २७ | ९५ |
| जम्मा | | ३०५ | ३४ | ३९१ | २१ | १९१ | ९४२ | २९४ | ३४ | ३८२ | २१ | १८८ | ९१९ |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८१

३.९ आर्थिक कारोवारको हिसाबले सबल अर्थतन्त्रको आधारस्तम्भको रुपमा रहेको सहकारी क्षेत्र तर्फ गण्डकी प्रदेश भित्र रहेका बिभिन्न सहकारी संस्थाहरूको शेयर पुँजी गत आर्थिक वर्ष भन्दा ३ प्रतिशतले बृद्धि भएको पाईन्छ। त्यसै गरी उच्च रुपमा १४० प्रतिशतले अन्य लगानीको योगदान वृद्धि भएको छ भने आयकर दाखिला, जगेडा कोष र अन्य कोषमा क्रमशः ४०, १४ र १२ प्रतिशतले बृद्धि भएको छ। अन्य क्षेत्रहरूमा रकम बृद्धि भई रहँदा बाह्य ऋण लगानी, ऋण लगानी र बचतमा भने क्रमशः २०,३ र १ प्रतिशतले गिरावट भएको छ।

*तालिका १८: गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण (रकम रू.हजारमा)*

| क.सं. | आर्थिक विवरण | २०८० साल | २०८१ फागुन मसान्त सम्म | घट/ बढ प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर पुंजी | १३५०५६७० | १३८८०४८७.० | ३ |
| २ | बचत | ६११८४३४६ | ६०७३९१२१.५ | -१ |
| ३ | ऋण लगानी | ६५८३९५९२ | ६३९७९४२६.५ | -३ |
| ४ | बाह्य ऋण | २६७३६६२ | २१३२५६१.६ | -२० |
| ५ | अन्य लगानी | ७९९४८७ | १९१७१५८.७ | १४० |
| ६ | जगेडा कोष | ४११४७५४ | ४६८३५८०.८ | १४ |
| ७ | अन्य कोष | १८२९७६० | २०५०४९७.२ | १२ |
| ८ | आयकर दाखिला | १२६१३२ | १७६७७२.७ | ४० |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश

३.१० प्रदेशको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाका ६ लाख ८९ हजार ५ सय ८६ शेयर सदस्यमध्ये महिला ५४.१९ प्रतिशत पुरुष ४५.११ प्रतिशत र अन्य (संस्थागत) ०.६८ प्रतिशत रहेका छन्। गत आ.ब मा सहकारी संस्थाबाट सिर्जना भएको रोजगारीको विवरण महिला र पुरुष तर्फ क्रमशः

८२.९७ र २८.०२ रहेको थियो भने चालु आर्थिक वर्षको फागुन मसान्त सम्म सो विवरण ८४.२१ र ३५.४९ भएको छ।

*तालिका १९:सहकारीमा आबद्ध सदस्य र कर्मचारीहरूको विवरण*

| क्र.सं. | | २०८०/८१ | | | | २०८१/८२ फागुन मसान्त | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | अन्य( संस्थागत) | जम्मा | महिला | पुरुष | अन्य( संस्थागत) | जम्मा |
| १ | शेयर सदस्य | ३५०८०९ | २९९०३४ | ३७९७ | ६५३६४० | ३७१९६६ | ३०७५४८ | ४७४५ | ६८४२५९ |
| २ | सञ्चालक | १५३६ | ३१२० | ० | ४६५६ | १७७८ | ३५४९ | ० | ५३२७ |
| ३ | कर्मचारी | १९८७ | १११९ | ० | ३१०६ | २०७८ | ११४३ | ० | ३२२१ |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८१

## बीमा

३.११ गण्डकी प्रदेश भित्र रहेका जीवन बिमामा आबद्ध बिमितको विवरण आर्थिक वर्ष २०७९/८० मा ७ लाख २२ हजार ४ सय ९१ रहेकोमा पछिल्लो आर्थिक वर्षमा घटेर ५ लाख ३३ हजार ८ सय ५१ भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा बिमितको संख्यामा केहि बृद्धि भई ६ लाख ८१ हजार ७३ पुगेको छ। जिल्लागत रुपमा कास्की जिल्लामा सबै भन्दा धेरै बिमित रहेको मा मनाङ जिल्लामा भने सबै भन्दा कम रहेका छन्।

*तालिका २०:जिल्लानुसार बिमितको विवरण*




| जिल्ला | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|
| कास्की | ४००,०३७ | २६९,६९२ | २६५,९६२ |
| तनहुँ | ४१,७३४ | ४३,४४८ | ४५,२७० |

| | | | |
|---|---|---|---|
| लम्जुङ्ग | २०,७५४ | २२,२१६ | २२,२९६ |
| स्याङ्जा | ३४,२५५ | ३५,०५४ | ३५,४५५ |
| पर्वत | ७५,४५७ | ४२,३०३ | ४१,७३४ |
| म्याग्दी | १४,५९६ | १६,७९१ | १७,५८९ |
| मनाङ | ४३० | ४२९ | ४२७ |
| मुस्ताङ | ९३३ | १,००० | ९८८ |
| गोरखा | २१,०३६ | २४,६३० | १६९,०५१ |
| नवलपुर | ७६,५१२ | ४०,३८३ | ४३,३०५ |
| बाग्लुङ | ३६,७४७ | ३७,९०५ | ३८,९९६ |
| जम्मा | **७२२,४९१** | **५३३,८५१** | **६८१,०७३** |

स्रोतः नेपाल बिमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२ *फागुन मसान्तसम्म

३.१२ २०८०/८१ को फागुन मसान्त सम्ममा गण्डकी प्रदेशभित्र रहेका बिमकको शाखा संख्या बिमकको प्रकार अनुसार जीवन बीमाको संख्या १३१ निर्जीवन बीमा १९८, लघु जीवन बिमा ८ र लघु निर्जीवन बिमा ८ गरी जम्मा ३४५ रहेका छन्। सो संख्या गत आबको तुलनामा ३ ले कम रहेको छ।

*तालिका २१: गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या*

| बिमकको प्रकार | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| जीवन बीमा | १४५ | १३५ | १३१ |
| निर्जीवन बीमा | १९६ | १९९ | १९८ |
| लघु जीवन बिमा | | ७ | ८ |
| लघु निर्जीवन बिमा | | ७ | ८ |
| जम्मा | ३४१ | ३४८ | ३४५ |

स्रोतः नेपाल बिमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२

## जीवन/निर्जीवन बिमा

३.१३ गण्डकी प्रदेश भित्र चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा बिभिन्न शीर्षकमा जारी गरीएका पोलिसिहरू २ लाख ५३ हजार ९ सय ९१ रहेका छन् ति पोलिसि मार्फत् पहिलो प्रिमियमबाट जम्मा १ अर्ब ९३ करोड रकम संकलन भएको छ। नवीकरण तथा पहिलो किस्ता गरी जम्मा ११ खर्ब २७ करोड ३९ लाख रुपैया प्रिमियम संकलन भएको छ भने ८ हजार १ सय ५५ वटा

त्यसै गरी निर्जीवन बिमा तर्फ २ लाख ७ हजार ७ सय ७८ बटा पोलिसि दर्ता मार्फत् जम्मा १ अर्व ४९ करोड ४४ लाख संकलन गरीएकोमा दाबि भएका जम्मा ५ हजार ७ सय ७१ बिमा भुक्तानी मार्फत् रु ५७ करोड ९८ लाख भुक्तानि गरीएको छ। संख्यागत पोलिसि अन्तर्गत जीवन बिमा तर्फ सबै भन्दा धेरै सुष्म जीवन बिमा र निर्जीवन बिमा तर्फ मोटर बीमा योजना रहेका छन्।

*तालिका २२: प्रदेश भित्रका जीवन बिमाको विवरण( रकम रु लाखमा)*

| पोर्टफोलियो | जारी गरीएका पोलिसीहरूको संख्या | पहिलो प्रिमियम आम्दानीको जम्मा | नवीकरण प्रिमियम आम्दानीको जम्मा | कुल प्रिमियम आम्दानी | भुक्तानी गरीएको दावीको संख्या | भुक्तानी गरीएको दावी रकमको जम्मा |
|---|---|---|---|---|---|---|
| प्रत्याशित बचत जीवन बीमा योजना | २३५२ | ३,०४४.५१ | २५,१४४.१९ | २८,१८८.७१ | ८४६ | ३,०७६.०२ |
| बाल बचत जीवन बीमा योजना | ५२६३ | २,४४८.८३ | १५,४१२.३३ | १७,८६१.१६ | १५४० | २,३७९.८० |
| बचत सह सम्पूर्ण जीवन बीमा योजना | १७०६ | १,०६०.६९ | १०,६३८.४४ | ११,६९९.१३ | १०८६ | ३,०५२.६३ |
| बचत जीवन बीमा योजना | १३,४०९ | ७,७५४.२३ | ३७,८९१.८८ | ४५,६४६.११ | ३४६९ | ७,८१९.०७ |
| वैदेशिक रोजगार अवधि जीवन बीमा योजना | २९८ | १३.१४ | - | १३.१४ | - | - |
| सूक्ष्म बीमा योजना | २,२६,४०९ | ७८०.५८ | २५.५२ | ८०६.१ | २९४ | ४१६.०३ |
| अन्य जीवन बीमा योजना | ४१० | १८६.०८ | १,०३१.८२ | १,२१७.९० | ११९ | १९२.२३ |
| एकमुष्ट बीमा योजना | ११०२ | ३,७७७.२३ | १५१.०४ | ३,९२८.२७ | ७१ | ३६०.७८ |
| अवधि जीवन बीमा योजना | २९१६ | १५२.४२ | १०४.७८ | २५७.२ | ४७ | ६२.५४ |
| सम्पूर्ण जीवन बीमा योजना | १२६ | ८३.१३ | ३,०३८.५४ | ३,१२१.६७ | ६८३ | १,२८४.०२ |
| जम्मा | **२५३९९१** | **१९,३००.८५** | **९३,४३८.५५** | **११२,७३९.३९** | **८१५५** | **१८,६४३.११** |

*तालिका २३:प्रदेश भित्रका निर्जीवन बिमाको विवरण( रकम रु लाखमा)*

| निर्जीवन बीमा | जारी गरीएको बीमा संख्या | सकल बीमा शुल्क आम्दानी | भुक्तानी गरीएका दावीहरूको संख्या | भुक्तानी गरीएको सकल दावी रकम |
|---|---|---|---|---|
| कृषि बीमा योजना | १२,२७५ | १,४४४.५८ | १,९८४ | १,१३१.३९ |
| हवाई बीमा योजना | ५ | २३.४ | - | - |
| इन्जिनियरिङ तथा निर्माण बीमा योजना | १,६७८ | १,००२.१४ | ६१ | ३४५.३६ |
| समुद्री बीमा योजना | १०,३१२ | १५९.७६ | ८ | १२.३८ |
| सूक्ष्म बीमा योजना | २३,७८६ | ४५९. | ४८ | ११.९८ |
| विविध बीमा योजना | ६,२७६ | १,०१३.६७ | १,१५८ | ४२२.२१ |
| मोटर बीमा योजना | १,१७,६१९ | ७,२८२.८१ | २,४०६ | ३,३८३.७७ |
| सम्पत्ति बीमा योजना | ३५,८२७ | ३,५५९.४३ | १०६ | ४९१.२ |
| **जम्मा** | **२,०७,७७८** | **१४,९४४.७८** | **५,७७१** | **५,७९८.३०** |

स्रोतः नेपाल बिमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८१

# ४. कृषि, वन, भूउपयोग तथा वातावरण

## कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान

४.१ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २६.३ प्रतिशत रहेको कृषिक्षेत्रको योगदान आर्थिक वर्ष २०८१/८२ मा २७.१ प्रतिशत पुग्ने अनुमान छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा कृषि क्षेत्रको यस्तो योगदान राष्ट्रीय तहको भन्दा प्रादेशिक तहमा केहि उच्च रहेको देखाएको छ। राष्ट्रीय आय लेखा तथ्याङ्कको आधारमा नै प्रादेशिक आय लेखा अनुमान गर्ने (Top-Down) पद्वती रहेकोले यस्तो देखिएको हुन सक्छ ।

*तालिका २४: गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

## विविध कृषिबाली उत्पादन र उत्पादकत्व

४.२ कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा मुख्य खाद्यान्न बाली (धान, मकै, गहुँ, कोदो, फापर र जौ) को बाहुल्यता रहेको छ। तर प्रतिहेक्टर उत्पादकत्व भने अन्यको तुलनामा मुख्य खाद्यान्न बालीको कम रहेको तथ्याङ्कले देखाएको छ ।आर्थिक वर्ष २०८०/८१ को विवरण अनुसार मुख्य खाद्यान्न बाली लगाएको क्षेत्रफल आर्थिक वर्ष २०८१/८२ को भन्दा १.१२ प्रतिशतले घटेको छ भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा गत आर्थिक वर्षमा भएको उत्पादनको तुलनामा जम्मा ७२.६३ प्रतिशतले बढेको छ। खेती गरीएको कुल क्षेत्रफल घटेता पनि उत्पादनमा भने बृद्धि भएको देखिन्छ।

४.३ चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा उत्पादन भएका मुख्य खाद्यान्न बालीहरूमा सबै भन्दा बढी मकैको योगदान ४१.७० र धानको योगदान ४०.४० प्रतिशत रहेको छ।

*तालिका २५: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)*

| आ.ब | २०७६/७६ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| **धान** | १०८६९७ | ४०८७३६.८८ | १०६५४१.१५ | ३९७०९४.३ | १३४७४२ | ५०६७८८ | १०६३८० | ३९११२१ | १०१९२३ | ३९१६२४ | ९७९५९ | ३७९०३२ |
| **मकै** | १३९४२१ | ४३३५६० | १४९४१३.७८४१ | ४५०७२०.६ | १५०३६४ | ४५४२६४ | १२९५०८ | ३८७९०४ | १२९२९९ | ३७७८०० | १३०४९२ | ३९११९० |
| **गहूँ** | ३८१९१.४२८७९ | ९९४०१.१० | ३८८२२.२१३७३ | १०३३२९.९ | ३८२३३ | ९९०३८ | ३१३१४ | ८११२४ | ३१६३१ | ७७६२०.७ | २९४५३ | ७६६८५.५ |
| **कोदो** | ८७०८०.०८३७ | १०६१३६.९२७८ | ८८०३७.९६४६२ | १०७९५१.९ | ८७०७२ | ११०१५१ | ६३३४७ | ७९६१९ | ६६१३७ | ८१५८३.९ | ६७०७१ | ८८११३ |
| **फापर** | १९३८.४२ | २६३२.९७ | १९३२.४८ | २७०३.३७ | २३५२ | ३१२६.४१ | ११२५ | १४७७.३३ | १३३० | १५७५.३ | १४८४ | १९२० |
| **जौ** | १७६२.५६ | २६६९.१३ | १६२३.८१९५९२ | २६४४.५१४ | ११६१ | १७०१.५३ | ८६२ | १२१५ | ६२६ | १०८८.७९ | ७७५ | १११६.६ |

स्रोत: कृषि तथा भूमि व्यवस्था, तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश,२०८१ * फागुन मसान्तसम्म

तालिका २६: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल




स्रोत: कृषि तथा भूमि व्यवस्था, तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश,२०८१

४.४ गण्डकी प्रदेशभित्र उत्पादन हुने प्रमुख खाद्यान्न बालीका रुपमा धान, मकै, गहुँ, कोदो, फापर र जौ लगायतका बालीहरू रहेका छन्। धान, गहुँ र मकै खासगरी तल्लो तटीय समथर भूभागमा बढी हुन्छ भने कोदो र फापर भने उच्च पहाडी तथा हिमाली क्षेत्रमा बढी हुने गर्दछ।

४.५ तेलहन बाली लगाईएको कुल क्षेत्रफल हेर्ने हो भने सबैभन्दा धेरै तोरी बालीको क्षेत्रफल रहेको देखिन्छ। तेलहन बाली मध्ये तोरी बालीको उत्पादन सबैभन्दा धेरै ४२.४७ प्रतिशत रहेको छ। पहाडी क्षेत्रमा तोरीलाई खेत र पाखो बारीमा लगाउने प्रचलन भएको हुँदा क्षेत्रफल र उत्पादन बढी देखिएको अनुमान गर्न सकिन्छ।

४.६ कुल तेलहन बालीको क्षेत्रफल आर्थिक वर्ष २०८०/८१ मा भन्दा आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा ०.१० प्रतिशतले बढेको छ भने उत्पादन सोहि अबधिमा २.११ प्रतिशतले बृद्धि भएको देखिन्छ।

*तालिका २७:तेलहनबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)*

| आ.ब | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ फागुन सम्म | |
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| तोरी | ६३९५.० | ६०४६.० | ६०९६.० | ५४९७.८ | ६६१६.० | ६४०१.० | ५८१३.५ | ५७२९.२ | ५३३५.० | ४९२३.० | ५४५२.० | ५३०३.५ |
| भटमास | ३३७२.० | ४१९३.० | ३१५१.० | ३३९२.० | ३०४४.० | ३३०८.० | ३०५७.० | ४१९९.४ | ३०५३.० | ३७०४.० | ३०२०.० | ३६४५.० |
| सुर्यमूखी | २६.१ | ४१.२ | ३४०.० | ४६१.० | १८६.० | २५१.० | १९४.० | २६७.७ | १९७.० | २९५.० | २०१.० | २९६.० |
| बदाम | ३९३.२ | ५००.२ | ३९०.० | ४९७.८ | ३८६.० | ४७५.० | ३३९.५ | ४१२.९ | ३६७.० | ४५७.० | ३२७.० | ३९८.० |
| रायो | ९६.० | ८६.० | ९३.० | ८४.० | ९६.० | ९२.० | ७६.५ | ७३.९ | ९५.० | १०१.० | ९०.० | ९७.० |
| आलस | ४६६.५ | ५११.० | ४६०.५ | ५१२.० | ४६५.० | ५१४.० | ४५८.० | ५११.२ | ४५५.० | ५११.० | ४५५.० | ५११.० |
| तिल | २९३.० | २४२.० | २८९.० | २९५.९ | २७४.० | २४५.० | २५८.० | २४४.४ | २५१.० | २४०.० | २४२.० | २४५.० |
| सस्यौं | १३९०.० | १७९३.९ | १३९५.० | १७९८.९ | १३९६.० | १८००.० | १३४६.० | १७५९.६ | १३८८.० | १७७६.० | १३६४.० | १७६७.५ |
| फिलिङे | २६०.९ | २४४.८ | २५२.० | २४०.० | २४८.० | २३४.० | १७६.० | १६५.७ | २३४.० | २२२.० | २३६.० | २२५.० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश,२०८१

४.७ दलहन बाली मध्ये मासबालीको उत्पादन सबैभन्दा धेरै रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल दलहनबाली उत्पादनको ३७.८९ प्रतिशत मासबाली उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा ३५.६५ प्रतिशत रहेको छ। दलहन बाली लगाईएको कुल क्षेत्रफल मध्ये सबैभन्दा धेरै मासबाली लगाईएको क्षेत्रफल रहेको देखिन्छ। खास गरी पहाडी क्षेत्रमा मासलाई मिश्रित बालीको रुपमा धान, मकै तथा अन्य बालीसँगै लगाउने प्रचलन हुँदा क्षेत्रफल बढी देखिएको हुनसक्छ।

*तालिका २८:दलहन बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)*

| आ.ब | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| मास | ५७२१ | ५१५२ | ७४५८ | ५४२७ | ७१५९ | ४८२१ | ७००८ | ६३३५.७५ | ७३४५ | ६४०५ | ७२५३ | ६३५७ |
| | | | | | | | | | | | | |
| मुसुरो | ५९३८ | ५११० | ४९६७ | ५५८९ | ४७५६ | ५४८३ | ४७९२ | ५९९३.६९ | ४७६९ | ५५७२ | ४७३८ | ५५४२ |
| चना | २५३.३९ | २८०.५१० | २७२ | २९८ | २६३ | २८८ | ७१५४ | ६४८९ | २३७ | २६५ | २३७ | २६३ |
| रहर | ३५१ | २४६ | ३९३ | २८२ | ३७० | २५३ | ३३३ | २५०.५ | ५९१ | २४० | ३५४ | २३५ |
| गहत | ८६४.११ | १०७८.०७ | ७६२.४९ | ७९८.६१ | ८१३ | ८८५ | २४८० | २५२४ | ५६८ | ५५६ | ५५८ | ५२९ |
| खेसरी | ७४ | ८५ | १६८ | १७७.१८ | १२१ | १३१ | १०५९.५२ | १२११.५ | ४० | ४८ | १११.५ | १२२.३ |
| अन्य | | | | | | | | | ३१६७ | ३८१८ | ३९९१ | ४७८० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश,२०८१ *फागुन मसान्त सम्म

४.८ कुल मसला बालीको क्षेत्रफल आर्थिक वर्ष २०८०/८१ मा भन्दा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा १.२८ प्रतिशतले घटेको छ भने उत्पादन सोही अबधिमा १.४३ प्रतिशतले बढेको छ।

४.९ कुल मसला बालीको उत्पादनमा अदुवा बालीको उत्पादन सबैभन्दा धेरै रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा मसला बाली उत्पादनको ६९.४९ प्रतिशत अदुवाबाली उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म मा ६७.९१ प्रतिशत रहेको छ। खास गरी पहाडी क्षेत्रमा रहेको पाखो र भिरालो बारीमा अदुवाको उत्पादन र खेती पनि बढी हुने, भएकाले उत्पादन र क्षेत्रफल बढी देखिएको हुनसक्छ।

*तालिका २९:मसलाबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)*

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ * | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| अदुवा | ३४५३.५ | ४१२८०.१ | ३१६४.० | ३५५८३.० | २६६८.० | २४१२२.० | ३०४५.० | ३५८२७.० | ३०९७.० | ३६७०६.० | ३०६३.० | ३६३९५.० |
| जिरा | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| धनिया | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अलैचि | १४७७.० | ५७०.५ | ५७०.५ | ३१२.७ | १८४१.० | १०५४.० | ९९९.० | ६२४.२ | १०१०.० | ६५४.० | १०१०.० | ६५४.० |
| मेथि | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| वेसार | ९९५.० | ६०८७.२ | ८०३.० | ७७६४.१ | ७०४.० | ६९२४.० | ५५२.० | ६४८४.० | ५८१.० | ७४२४.० | ५३६.० | ८५०५.० |
| लसुन | ८६७.७ | ४५३५.३ | ६३९.५ | ३८१५.८ | ८३०.० | ५२९२.० | ७३९.० | ४६२२.२ | ७३९.० | ४५४८.० | ७३९.० | ४५४८.० |
| खुर्सानी | ९९५.० | ६०८७.० | ४७३.० | १९०४.० | ९२९.० | ५३२४.० | ६८७.० | ३५६६.० | ६९८.० | ३४८८.० | ६९८.० | ३४८८.० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८१ *फागुन मसान्त सम्म

४.१० सुन्तला र स्याउ उत्पादनको प्रचुर सम्भावना भएको गण्डकी प्रदेशमा पछिल्ला ५ आर्थिक वर्षमा भने सुन्तलाको उत्पादनमा उतारचढाव आएको देखिन्छ। प्रदेशका हिमाली भेगमा स्याउ विशेष कार्यक्रम मार्फत् नयाँ स्याउको बगैचा निर्माण तथा किसानलाई प्राविधिक सहायता उपलब्ध गराइएको हुँदा पछिल्ला वर्षमा स्याउ उत्पादन र क्षेत्रफल दुबैमा उल्लेख्य वृद्धि हुँदै गएको छ।

४.११ चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा कुल फलफूल लगाइएको क्षेत्रफल मध्ये सबै भन्दा बढी ५७.२३ प्रतिशतमा सुन्तला खेती रहेको छ भने सोही अबधिमा कुल उत्पादनको ५४.८८ प्रतिशत सुन्तलाको उत्पादन भएको देखिन्छ।

## पशुपंक्षी तथा मत्स्य

४.१२ गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को तुलना गर्दा कुखुरा, गाई/गोरु, भैसी/राँगा, भेडा, वँगुर र हाँसहरूको संख्या तथा उत्पादनमा गिरावट आएको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा चालु आर्थिक वर्षको फागुन सम्ममा भेडा, च्याङ्ग्रा, कुखुरा, घोडा, याक र चौरीको संख्यामा गिरावट आए पनि भैसी/राँगा, खसी/बोका/बाख्रा, बँगुर, हाँस र खरायोको संख्या भने बढेको देखिन्छ।

*तालिका ३०: पशुपंक्षी* को विवरण (सङ्ख्यामा)

| विवरण | आ.ब. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ फागुन सम्म | कैफियत |
| गाई/गोरु | ४८१८६५ | ३६००९५ | ३३२००१ | ३२९५८५ | २९१६९७ | २९२६९२ | |
| भैसी/राँगा | ६७७४९० | ५२१४९८ | ५२२०१४ | ४८२१३३ | ४४२९०९ | ४५२१२९ | |
| बाखा/खसी/बोका | १५३३६२९ | १७४८३२५ | १७८९४३२ | १६१७८६८ | १७२१६४९ | १७२२८४९ | |
| भेडा | १००७८२ | ९९८६९ | ९१७८१ | ९०६१६ | ८६२१३ | ८६२०२ | |
| च्याङग्रा | | ५६३३७ | ४७०५९ | ४८८९५ | ५३२७५ | ५२२७६ | |
| वँगुर | १६२१५३ | १८५८५५ | १८९४२७ | १५५९७० | १२७४५८ | १२८४७९ | |
| कुखुरा | ६७८५६०७ | ८१५८५२३ | ७४४१५६२ | ६३८१८९० | १२७४५८ | १२७३५९ | |
| हाँस | ४२७१२ | ९८१६३ | ११२००३ | ११०७२० | १०९४५८ | ११०४९८ | |
| घोडा | ६६८९ | ६७५२ | ६१८७ | ६००५ | ६४८४ | ६२८१ | |
| खरायो | ८२७० | ६९८३ | ५००८ | | ६७७५ | ७७७८ | |
| याक चौरी | १३९९७ | १२१८१ | १०१५६ | १२८७७ | १३३१३ | १३११२ | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८१ *फागुन मसान्तसम्म

४.१३ प्रदेश सरकारले पशुपंक्षीमा लाग्ने रोगको रोकथाम र निवारणको लागि आर्थिक वर्ष २०७९/८० मा विनियोजन भएको बजेटको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा ५८.५१ प्रतिशत कम रकम विनियोजन भएता पनि खोपको डोजमा भने ८.३० प्रतिशतले बृद्धि भएको छ।

*तालिका ३१:खोप भ्याक्सिनको विवरण*

| आ.ब | | | |
|---|---|---|---|
| २०७९/८० | | २०८०/८१ | |
| वजेट | खोप (डोज) | वजेट | खोप (डोज) |
| १३७४०० | २३३११४३ | ५७००० | २५२४७१० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८१

४.१४ गत आर्थिक वर्षहरूमा जस्तै गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा पनि किसानहरूको मनोवल उच्च बनाउन, स्वरोजगार बन्न र आय आर्जनलाई बृद्धि गराउने उद्देश्यले दुध उत्पादनमा केही अनुदान प्रदान गरेको थियो। गत आर्थिक वर्षहरूको विवरणलाई अध्यन गर्दा संख्यागत रुपमा अनुदान प्राप्त गर्ने सहकारीको संख्या आर्थिक वर्ष २०८०/८१ मा धेरै भएता पनि प्रति सहकारी औसत अनुदान रकम भने आर्थिक वर्ष २०७९/८० मा उच्च रहेको देखिन्छ।

*तालिका ३२:दुध उत्पादनमा अनुदानको विवरण*

| आ.ब. | सहकारी संस्था सख्या | निजि संस्था सख्या | प्रति लि रू | जम्मा अनुदान रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| २०७६/७७ | ० | ० | २.५ | | |
| २०७७/७८ | ५८ | ० | २.५ | २४२७४ | |
| २०७८/७९ | ५३ | ० | २.५ | २०४०३९ | |
| २०७९/८० | १७ | ० | २.५ | २८३०६.६२ | |
| २०८०/८१ | ६९ | ० | २.५ | २९४८८ | |
| २०८१/८२ फागुन मसान्तसम्म | ४७ | ० | ५ | २१८९६.०४५ | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.१५ प्रदेश सरकारको कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने मुख्य क्षेत्र मानिएको कृषि क्षेत्रलाई व्यवस्थित र व्यवसायिक बनाउने हेतुले प्रदेश सरकारले कृषि तथा पशु पकेट क्षेत्र घोषणा गरेको छ। अन्य आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा कृषितर्फ २८९ र पशुतर्फ ८ पकेट क्षेत्र घोषणा भएका थिए भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा कुनै पनि क्षेत्र घोषणा गरीएको छैन।

*तालिका ३३:पकेट क्षेत्र घोषणाको विवरण*

| पकेट क्षेत्र/ब्लक | आ.ब | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ फागुन सम्म |
| कृषि | २८९ | ८१ | ८० | ३९ | ६ | ० |
| पशु | ८ | ० | ९ | २ | २ | ० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८१

४.१६ पछिल्ला वर्षहरूमा भैंसी/राँगा तथा गाई/गोरूको सङ्ख्यामा आएको कमी सँगै गत वर्ष फैलिएको लम्पी स्कीन रोगको कारण आर्थिक वर्ष २०८०/८१ मा दुध उत्पादनमा कमी आउने प्रारम्भिक अनुमान गरीएकोमा त्यस्तो उत्पादन १.६२ प्रतिशतले घटेको छ। माछा उत्पादनमा लक्ष्यको तुलनामा केही गिरावट देखिएता पनि मासु, अन्डा र ऊन उत्पादन भने बढेको छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको उत्पादनलाई हेर्दा दुध, मासु, अन्डा, माछा र ऊनमा केही कमी आउने देखिन्छ।

*तालिका ३४:दुध, अन्डा तथा मासु उत्पादन*

| | आ.ब | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ फागुन सम्म | कैफियत |
| दुध | २४६६१३ | २८१७८० | १७३७३१ | २६४८४९ | २५५६६१ | १९२७४५ | |
| मासु | ५७६७९ | ६२२६१ | ६१८८४ | ६०९१२ | ५९२२७ | ४५५२० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अण्डा | १३७९५८ | ३४३७५६ | १८८३४४ | १८९१५६ | २०२०१३ | १५३५०९ |
| माछा | १२६१ | १३०१ | १५०१ | १४०९ | १८३३ | १३७७ |
| उन (के.जी) | ७३९२७ | ७४१५० | ६८१२८ | ६७३६६.०० | ६४०९२ | ४७९८६ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश *फागुन मसान्तसम्म **प्रारम्भिक अनुमान

## वन क्षेत्र

४.१७ गण्डकी प्रदेश वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदाको दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको प्रदेश हो। प्रदेशको कुल क्षेत्रफलमध्ये करिव ३७.८ प्रतिशत वनले ढाकेको छ। यस प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको आंशिक भाग एवम् अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको पुरै भाग गरी कुल १०,०३,९५१ हेक्टर क्षेत्रफल (४५.६८ प्रतिशत) संरक्षित क्षेत्र पर्दछ। यस प्रदेशमा अवलम्वन गरीएका समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ। वन क्षेत्रको आम्दानीको उचित व्यवस्थापन र उपयोग गर्नु प्रदेश सरकारको चुनौतिको विषय रहेको छ।

*तालिका ३५ :वन क्षेत्रको विवरण*

| वन | किसिम | सख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| राष्ट्रिय वन(८१४६३० हे.) | सामुदायिक वन | ३९६८ | २७६८४३.३ |
| | साझेदारी वन | १ | ६७२.८६ |
| | कबुलियत वन | ११४१ | ५५२१ |
| | धार्मिक वन | ४० | ४१३.५३ |
| | सरकारद्वाराव्यवस्थित चक्ला वन | १ | ३३३९ |
| | सरकारद्वारा व्यवस्थित वन | | ५४४७५३ |
| निजी वन (२८५ हे.) | दर्ता भएका निजी वन | ४३० | २२६.२५ |
| जम्मा वन क्षेत्र | | **५५८१** | **८३१५०८.९** |

स्रोतः वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८१

४.१८ नेपालको कुल क्षेत्रफलको ६.८२ प्रतिशत संरक्षित क्षेत्र रहेकोमा यस प्रदेशको योगदान २९.१७ प्रतिशत रहेको छ। गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत रहेका संरक्षित क्षेत्रहरू नेपालको राष्ट्रिय कभरेज भन्दा झण्डै दोब्बर (२३.३९) प्रतिशत रहेको छ। संरक्षित क्षेत्रको माध्यमबाट व्यवस्थापन गरी विश्व प्रसिद्ध पाटेबाघ, एकसिङ्गे गैंडा, हिउँचितुवा, कस्तुरी, मृग, हरिण लगायतका वन्यजन्तु, वनस्पति र जैविक विविधताको संरक्षण, सम्बर्द्धन, पर्या-पर्यटन प्रवर्द्धन र मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवन स्तरमा सुधार हुँदै आएको छ। यस प्रदेशमा ९,२९,२०० हेक्टर क्षेत्रफलमा फैलिएका २ वटा संरक्षित क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज (२४,६४१ हेक्टर

क्षेत्रफल), ढोरपाटन शिकार आरक्षको बागलुङ र म्याग्दीको खण्ड (५०,११० हेक्टर क्षेत्रफल) गरी जम्मा १०,०३,९५१ हेक्टर क्षेत्रफल संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज र शिकार आरक्षको रहेको छ।

*तालिका ३६:प्रदेश भित्र रहेका संरक्षित क्षेत्रहरूको विवरण*

| संरक्षित क्षेत्रहरूको विवरण | | संख्या | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| संरक्षण क्षेत्रहरू | अन्नपुर्ण संरक्षण क्षेत्र | २ | ७६२९०० | ६४ वटा संरक्षण क्षेत्र व्यवस्थापन समिति |
| | मनास्लु संरक्षण क्षेत्र | | १६६३०० | ७ वटा संरक्षण क्षेत्र व्यवस्थापन समिति |
| राष्ट्रिय निकुञ्ज | चितवन राष्ट्रिय निकुञ्ज | १ | २४६४१ | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र |
| शिकार आरक्ष | ढोरपाटन शिकार आरक्ष | १ | ५०११० | ढोरपाटन शिकार आरक्षको बागलुङ र म्याग्दीको खण्ड |
| | | **जम्मा** | **१००३९५१** | |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१

४.१९ प्राकृतिक स्रोत साधनको उपभोग मार्फत् रोजगारी सिर्जना गर्ने हेतुले गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका उद्यम बिकासहरू जम्मा ९९५ बटा रहेका छन् । चालु आर्थिक वर्षमा ३१ वटा उद्यम बिकास थप भएकोमा सबै बन्दा धेरै २२ बटा फर्निचरहरू रहेका छन्। जडिबुटिको प्रचुर सम्भावना रहेको यस प्रदेशमा जडिबुटी सँग सम्बन्धित जम्मा ३७ बटा उद्योगहरू सञ्चालनमा रहेका छन्। यसरी उद्यमहरू सञ्चालनमा रहँदा प्राकृतिक स्रोतको उपयोग हुने र बिक्रि तथा संकलनबाट प्रदेश सरकारलाई आम्दानी पनि हुने देखिन्छ।

*तालिका ३७:बन पैदावार बाट संचालित उद्योगहरूको विवरण*

| क्र.सं. | वनमा आधारित उद्यम विकास (संख्या) | गत आ.व. सम्मको | चालु आ.व. २०८१/८२ को फागुन सम्म | जम्मा |
|---|---|---|---|---|
| १ | सःमिल | ४९ | ६ | ५५ |
| २ | फर्निचर | ८५२ | २२ | ८७४ |
| ३ | जडिबुटी प्रशोधन/ उद्यम | ३५ | २ | ३७ |
| ४ | भेनियर / प्लाइबोर्ड | २१ | १ | २२ |
| ५ | अन्य | १ | ० | १ |
| ६ | सा.व.उ.स. मार्फत् सञ्चालित वनजन्य उद्यम (संख्या) | ५ | ० | ५ |

| | | | | |
|---|---|---|---|---|
| ७ | सहकारी मार्फत् सञ्चालित वनजन्य उद्यम (संख्या) | १ | ० | १ |
| | जम्मा | ९६४ | ३१ | ९९५ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१

४.२० गण्डकी प्रदेशको कुल भू-भागमध्ये वन जङ्गलले ढाकेको हरियाली क्षेत्र सबैभन्दा बढी ३३.७९ प्रतिशत रहेको छ। यस प्रदेशमा कृषियोग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत र हिमक्षेत्र १६.७ प्रतिशत रहेको छ। बसोबास गर्ने क्षेत्र र जलक्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ। बाँकी तृण भूमि, झाडी भूमि तथा अन्य उपयोगमा रहेको छ।

*तालिका ३८:भू–उपयोगको स्थिती*

| भू-उपभोगको प्रकार | क्षेत्रफल (बर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| कृषि | ३१११.५२ | १४.१३ |
| नाङ्गो भूमि | ३८९२.५१ | १७.६८ |
| बन जङ्गल | ७४३९.९६ | ३३.७९ |
| तृण भूमि | १९२१.५४ | ८.७३ |
| बसोवास क्षेत्र | १३८.४० | ०.६३ |
| झाडी भूमि | १७१९.९४ | ७.८१ |
| हिमक्षेत्र | ३६८२.१४ | १६.७२ |
| जलक्षेत्र | १०९.०० | ०.५० |
| जम्मा | २२०१५.०१ | १००.०० |

स्रोतः गण्डकी प्रदेशको स्रोत नक्साङ्कन, २०७५

## जैविक विविधता संरक्षण

४.२१ गण्डकी प्रदेश सरकारले जैविक विविधता संरक्षणको लागि विभिन्न कार्यहरू गर्दै आएको छ। जैविक विविधताका लागि रणनीतिक योजना २०११-२० ले जैविक विविधता संरक्षण लक्ष्य राखेर कार्य गर्दै आएको छ। यस अन्तर्गत वनको वैज्ञानिक व्यवस्थापन र व्यावसायिक उपयोग गर्ने, वातावरण संरक्षण र जनताको आयआर्जनसँग आवद्ध गर्ने तथा राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

४.२२ वन्यजन्तुहरुका लागि उपर्युक्त स्थान रहेको यस प्रदेशमा राष्ट्रिय औसतमा पाटे बाघ र गैंडाको सङ्ख्या न्यून रहेको छ भने चितुवाको संख्यामा बृद्धि भएको छ।

# ५. गरीबी निवारण, श्रम तथा रोजगारी

## गरीबी

५.१ चौथो नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८० को तथ्याङ्क अनुसार नेपालको उपभोगमा आधारित निरपेक्ष गरीबी २०.२७ प्रतिशत रहेको छ भने मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ। पछिल्लो तथ्याङ्क अनुसार नेपालको बहुआयामिक गरीबी १७.४ प्रतिशत रहेको छ।

५.२ गण्डकी प्रदेशको निरपेक्ष गरीबीको दर भने राष्ट्रिय औसतका साथै प्रदेशगत रुपमा पनि सबैभन्दा न्यून ११.८८ प्रतिशत रहेको छ।

*तालिका ३९: प्रदेशगत निरपेक्ष गरीबीको अवस्था*

| प्रदेश | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|
| कोशी | १७.१९ | ३.८४ | १.२५ |
| मधेश | २२.५३ | ४.६२ | १.३६ |
| बागमती | १२.५९ | २.६४ | ०.८९ |
| गण्डकी | ११.८८ | २.३३ | ०.७१ |
| लुम्बिनी | २४.३५ | ५.८ | १.९९ |
| कर्णाली | २६.६९ | ६.२५ | २.१६ |
| सुदूरपश्चिम | ३४.१६ | ८.४१ | २.८७ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

## प्रधानमन्त्री रोजगार कार्यक्रम

५.३ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशका ५९ स्थानीय तहका ७८९ आयोजनामा ४४५ जनाले औसतमा ४८ दिन रोजगारी प्राप्त गरेका छन्।

*तालिका ४०: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था*

| प्रदेश | स्थानीय तहको सङ्ख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको सङ्ख्या | आयोजना सङ्ख्या | रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको सङ्ख्या | कुल रोजगारी प्रदान गरिएको दिन | प्रदान गरिएको औसत दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | ९९ | ९६६ | १०३४ | ६७८२२ | ६६ |
| मधेश | १३६ | ५७ | ४५७ | ५६२ | १९५४५ | ३५ |
| बागमती | ११९ | ९६ | ११३१ | ९२० | ५६४९४ | ६१ |
| गण्डकी | ८५ | ५९ | ७८९ | ४४५ | २१२६७ | ४८ |
| लुम्बिनी | १०९ | ८१ | ९५७ | ३४७ | १८९८४ | ५५ |
| कर्णाली | ७९ | ६८ | ७३५ | ४७० | ४४१०४ | ९४ |
| सुदूरपश्चिम | ८८ | ७७ | १०३४ | ४४५ | ३०२१५ | ६८ |
| **जम्मा** | **७५३** | **५३७** | **६०६९** | **४२२३** | **२५८४३१** | **६१** |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

५.४ प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत बेरोजगारको सङ्ख्या बिगत आर्थिक वर्षहरूमा घटबढ भएता पनि चालु आर्थिक वर्षमा भने बढेको देखिन्छ भने न्युनतम रोजगारीमा खटिएका व्यक्तिको संख्या घट्दै गएको छ।

*तालिका ४१: प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत र रोजगारी प्राप्त गर्नेको विवरण*

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ * |
|---|---|---|---|---|---|
| सूचिकृत भएका बेरोजगारीहरू | ५९०३० | ४९०४७ | ५३३९६ | ६०३८३ | ६१८१४ |
| न्यून रोजगारीमा खटिएका व्यक्तिहरू | १४०९९ | ११११९३ | ७४२४ | ७२२१ | ४४५ |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ * फागुन मसान्त सम्म

# ६. ऊर्जा, सिञ्चाई तथा खानेपानी

## उर्जा

६.१ जलविद्युत उत्पादनको दृष्टिकोणले गण्डकी प्रदेश प्रचुर सम्भावना बोकेको प्रदेश हो। अघिल्लो आर्थिक वर्षमा ९९.५५ प्रतिशत रहेको गण्डकी प्रदेशको विद्युत पहुँच पुगेको घरधुरीको विवरण चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा ९९.८० प्रतिशत पुगेको छ भने यस आर्थिक वर्ष सम्पन्न हुने अवधिसम्म ९९.८५ प्रतिशत पुग्ने अनुमान रहेको छ। गत आर्थिक वर्षको फागुन मसान्तसम्म सो विवरण चालु आर्थिक वर्षको सोही अवधिसम्म ०.३० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म कुल विद्युत उत्पादन क्षमता ९३३ मे.वा. पुग्ने अनुमान गरीएकोमा सो आर्थिक वर्षको अन्त्यमा ८२१ मे.वा. पुगेको थियो। आर्थिक वर्ष २०८०/८१ मा प्रति व्यक्ति विद्युत खपत २६० किलोवाट घण्टा पुग्ने अनुमान गरीएकोमा २७० किलोवाट घण्टा पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशको प्रति व्यक्ति विद्युत खपत २१६ किलोवाट घण्टा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिसम्म २७० किलोवाट घण्टा पुगेको छ। यस आर्थिक वर्षको फागुन मसान्तसम्म संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन २२५ किलोवाट घण्टा रहेको छ।

*तालिका ४२ :प्रदेश भित्रको उर्जा सम्बन्धी बिबरण*

| सूचक | क्र.सं. | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|
| कुल जलविद्युत उत्पादन क्षमता | १ | मे.वा. | ४४८.५ | | ५०८.७६ | ५९५ | ८०३ | ८२१ |
| विद्युतमा पहुँच प्राप्त घरपरिवार | २ | प्रतिशत | ८७.३९ | ८७.४८ | ९२.७९ | ९५.६८ | ९९.५ | ९९.५५ |
| प्रति व्यक्ति विद्युत खपत | ३ | कि.वा.घ. | १९० | | | २१० | २१६ | २७० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८१

## सिंचाइ तथा तटबन्ध

६.२ गण्डकी प्रदेशमा कुल खेती योग्य जमिन ४,८७,५७८ हेक्टर रहेको छ। सिंचाइ गुरुयोजना, २०१९ को अध्ययन प्रतिवेदन अनुसार ३,५१,५९७ हेक्टर जमिनमा (७२.१० प्रतिशत) मात्र खेती भईरहेको छ। प्रदेशको सिंचाइयोग्य जमिन २,७२,६३० हेक्टर रहेको छ, जुन खेती भईरहेको जमिनको जम्मा ७७.५ प्रतिशत हुन्छ । कुल सिंचाइ योग्य जमिन मध्ये आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा आधुनिक सिंचाइको पूर्वाधार बिस्तार भएको जमिन ६९,१२२ हेक्टर रहेको छ। जुन कुल सिंचाइ योग्य जमिनको जम्मा

२५.३५% हुन आउँछ र खेती भैरहेको जमिनको १९.६६% हुन आउँछ। नमूना कृषि गणना, २०७८ को तथ्याङ्क अनुसार सिंचित जमिनमध्ये जम्मा ३१,८४१ हेक्टरमा मात्र बाह्रै महिना सिंचाइ सुबिधा पुगेकोमा त्यसपछि ३६७७ हेक्टर थप भई हालसम्म जम्मा ३५,५१८ हेक्टर पुगेको छ।

६.३ प्रदेश सरकारको पहलमा चालु आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म ८.७८ कि.मि. तटबन्धन थप भई जम्मा १३२.५३ कि.मि. निर्माण भएको छ। त्यसैगरी ६० हेक्टर जग्गा उकास कार्य थप भई जम्मा ३,४०६ हेक्टर पुगेको छ।

*तालिका ४३: सिंचाइ तथा तटबन्धन निर्माण*

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|---|---|---|
| सिंचाइ तथा तटबन्धन | | | | | | | | | |
| १. | आधुनिक सिंचाइ पूर्वाधार विकास | हे. | ६२८४४ | ६३३२९ | ६४०६२ | ६५६०४ | ६६,६५७ | ६८,६९० | ६९,१२२ |
| २. | बार्हे महिना सिंचाइ सुबिधा पुगेको | हे. | | | ३१८४१ | ३२८९४ | ३३१४० | ३३८८४ | ३५,५१८ |
| ३. | निर्माण भएको तटबन्धन लम्वाई (प्रदेश सरकारबाट) | कि.मि. | १९.६ | ४६ | ६९.७६ | ८४.६२ | १०९.२४ | १२३.७५ | १३२.५३ |
| ४. | जग्गा उकास कार्य भएको क्षेत्रफल | हे. | १९६.९ | ८९७ | २३१७ | ३०१८ | ३१४१ | ३३७३ | ३४०६ |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८१ *फागुन मसान्तसम्म

## खानेपानी तथा सरसफाई

६.४ गण्डकी प्रदेशमा आधारभूत स्तरको खानेपानीको पहुँच लगभग सबै जनसंख्यामा पुगेको भए पनि विश्व स्वास्थ्य संगठनले तोकेको उच्च गुणस्तरयुक्त खानेपानीको पहुँच अझै पनि न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म ९४.२५ प्रतिशत रहेको आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्याको अनुपात २०८०/८१ को अन्त्यसम्म ९५.० प्रतिशत पुग्ने अनुमान गरीएको छ। आर्थिक वर्ष

२०८०/८१ मा प्रदेश सरकारको एक घर एक धारा कार्यक्रम अन्तर्गत जडान भएका धारा संख्या १ लाख ४८ हजार २ सय २५ पुगेको छ भने निजी धारा जडान भएका घरपरिवार ६४ प्रतिशत रहेको छ।

*तालिका ४४: प्रदेश भित्रको खानेपानिको विवरण*

| क्र.सं. | सूचक | एकाइ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ अनुमान | २०८१/८२* |
|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी, सरसफाइ र स्वच्छता** | | | | | | | | | |
| १. | आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | | | ९४.२५ | ९४.२५ | ९५ | ९५ | ९५ |
| २. | प्रदेश सरकारको एक घर एक धारा कार्यक्रमा जडान भएका धारा संख्या | वटा | ३९८०४ | ७७,७८२ | १,०८,३२० | १,२९,७९४ | १,४८,२२५ | १,६०,००० | १,६०,४२५ |
| ३. | निजी धारा जडान भएका घरपरिवार | प्रतिशत | | | ५९.५ | ६०.६ | ६४ | ६४.० | ६५ |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय , गण्डकी प्रदेश, २०८१ *फागुन मसान्तसम्म

# ७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

## सडक

७.१ आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म गण्डकी प्रदेशले आफ्नो कार्यक्षेत्रको बजेट तथा कार्यक्रमबाट ११९.९० किलोमिटर सडक कालोपत्र, ४३.३५ किलोमिटर ग्राभेल र २३.० किलोमिटर कच्ची सडक थप निर्माण गरेको थियो भने चालु आर्थिक वर्षको सोहि अबधिमा सो योगदान क्रमशः ४८, ४.२ र ८.७ किलोमिटर भएको छ। गत आर्थिक वर्षको पुरा अवधीमा क्रमशः २३३ किलोमिटर कालोपत्रे, ९७ किलोमिटर ग्राभेल तथा ५५ किलोमिटर कच्ची सडक निर्माण भएको थियो।

*तालिका ४५: प्रदेश भित्र निर्माण गरेको नयाँ सडकको लम्बाई (किलोमिटरमा)*

| सडकको प्रकार | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| कालोपत्रे (कि.मी.) | २११.९ | १६५.०४ | १७३.६६ | २३३ | ११९.९ | ४८ |
| ग्राभेल (कि.मी.) | १५२.२७ | ११७.०३ | ७७.९९ | ९७ | ४३.३५ | ४.२ |
| कच्ची (कि.मी.) | ८८.७६ | ७९.३२ | १०४.३ | ५५ | २३ | ८.७ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८१ *फागुन मसान्तसम्म

## प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धी

७.२ गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनको अन्तिम आर्थिक वर्ष सम्ममा १२६० कि मी सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब ९०१ किमी सडक मात्र कालोपत्रे भएको छ। सोही योजना अवधीमा सडक पुल २९० वटा र झोलुङ्गे पुल २५० वटा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म जम्मा क्रमशः १०६ र ८२ वटा सम्पन्न भएका छन् भने बाँकीको अवस्था देहाय बमोजिम रहेको छ।

*तालिका ४६:प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धी*

| योजना | कुल सम्पन्न |
|---|---|
| सडक (कालोपत्रे) | ९०१ कि. मि |
| सडक (ग्राभेल) | ६९६ कि. मि |
| सडक पुल | १०६ वटा |
| झोलुङ्गे पुल | ८२ वटा |
| भवन/सहरी विकास | २८ वटा |
| जनता आवास (घर निर्माण) | २००० वटा |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२

७.३ गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मार्फत् आ.व. २०८०/८१ मा जम्मा २१ वटा सडकपुल र १९ वटा झोलुङ्गे पुल निर्माण भएको थियो भने चालु आ. व. को फागुन मसान्तसम्म जम्मा ६ वटा सडकपुल र ३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ।

*तालिका ४७:झोलुङ्गे पुल र सडक पुलको विवरण*

| पुलको प्रकार | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ फागुन सम्म |
|---|---|---|---|---|---|
| सडक पुल (वटा) | १३ | २८ | १५ | २१ | ६ |
| झोलुङ्गे पुल (वटा) | २७ | २० | १२ | १९ | ३ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८१

## यातायात

७.४ गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ९ हजार ५ सय ८५ विभिन्न नयाँ सवारी दर्ता भएका छन् भने कुल सवारी साधन दर्ता संख्या १ लाख १४ हजार ४ सय १३ पुगेको छ। प्रदेशमा दर्ता भएका नयाँ सवारी साधनमध्ये मोटरसाईकलको योगदान सबैभन्दा धेरै ९४.४२ प्रतिशत रहेको छ।

*तालिका ४८: गण्डकी प्रदेशमा दर्ता भएका सवारीका साधनहरू*

| सवारी साधन | २०७८/७९ | २०७९/८० | २०८०/८१* | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| बस/ट्रक | १६५ | १२९७ | २३० | ३५६ | ४७९ |
| जिप/कार/भ्यान | १५२४ | ३५७४ | ८७३ | १२०७ | ६५८ |
| माइक्रोबस | ४५ | १०० | २७ | ५६ | ५० |
| मोटरसाइकल/स्कुटर | ४५०९१ | ३३७९६ | ६७१७ | १४१३७ | ८२८८ |
| ट्याक्टर | ३३२ | ७१८ | १२ | ४६ | २७ |
| टेम्पो | १३३ | १०२८ | १२५ | ९८ | ४६ |
| क्रेन/डोजर/लोडर | ६५७ | ३५० | १०२ | ५० | ३७ |
| अन्य | ४ | ६४ | | | |
| कूल जम्मा | ४७९५१ | ४०९२७ | ८०८६ | १५९५० | ९५८५ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८१ * फागुन मसान्तसम्म

## सूचना तथा सञ्चार

७.५ राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने ७७.८ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग हुने गरेको छ। यसले गर्दा पछिल्लो समयमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा उल्लेख्य वृद्धि भएको

छ। इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ। गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ।

*तालिका ४९: गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता (प्रतिशतमा)*




स्रोतः नेपाल टेलिकम

# ८. उद्योग, वाणिज्य तथा पर्यटन

## उद्योग क्षेत्र

८.१ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र उद्योग क्षेत्रको योगदान १६.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा केही घटेर १६.५ प्रतिशतमा सीमित हुने अनुमान गरीएको छ। विभिन्न कारणले आन्तरीक अर्थतन्त्रमा देखिएको मन्दीले निर्माण क्षेत्रमा संकुचन आउदा त्यसको असर उत्पादन तथा प्रशोधन क्षेत्र र समग्र उद्योग क्षेत्रमा देखिएको हुनसक्छ।

*तालिका ५०: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान(प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ ** सम्शोधित अनुमान * प्रारम्भिक अनुमान

## उद्योग तथा वाणिज्य

८.२ प्रदेश सरकार मातहत दर्ता भएको उद्योगहरूको विवरण चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा साना उद्योग ६८ हजार १ सय ४०, मझौला ८ र ठुला १ गरी जम्मा ६८ हजार १ सय ४९ उद्योग दर्ता भएका छन्।

*तालिका ५१: प्रदेश सरकार मातहत दर्ता भएका ठुला, मझौला र साना उद्योग*

| विवरण | प्रदेश सरकार अन्तर्गत दर्ता भएका |
|---|---|
| ठुला | १ |
| मझौला | ८ |
| साना | ६८१४० |
| जम्मा | ६८१४९ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, २०८१

८.३ गण्डकी प्रदेश भित्र रहेका उद्योगहरू बाट सिर्जना भएका रोजगारीको बिबरणमा सबैभन्दा धैरै कास्की र सबै भन्दा कम म्याग्दी जिल्लाको रहेको छ। त्यसैगरी पर्वत जिल्लामा कुनै पनि रोजगारी सिर्जना भएको छैन।

*तालिका ५२:उद्योगहरू बाट सिर्जना भएका रोजगारीको बिबरण*

**आर्थिक वर्ष २०८०-८१**

| उद्योगबाट भएको रोजगारी सृजना | | | |
|---|---|---|---|
| जिल्ला | महिला | पुरुष | जम्मा |
| बाग्लुङ | ३९३४ | ३९४८ | ७८८२ |
| पर्बत | ० | | ० |
| म्याग्दी | १८१ | १२५ | ३०६ |
| मुस्ताङ | १७९९ | २८०४ | ४६०३ |
| कास्की | ७४२९२ | ३४२१८ | १०८५१० |
| तनहुँ | ३५८ | ४४१ | ७९९ |
| गोरखा | ४४७६ | ९७८० | १४२५६ |
| लमजुंग | २६५ | ३३९ | ६०४ |
| मनाङ | ८४२ | ४१९ | १२६१ |
| स्याङ्गजा | २५० | ५०० | ७५० |
| नवलपुर | ३२१ | ३९२ | ७१३ |
| जम्मा | ८६७१८ | ५२९६६ | १३९६८४ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

८.४ पर्यटन तथा उद्योग कार्यालयहरूले तिनबटा बिधामा प्रविधि हस्तान्तरण गरीएकोमा आर्थिक वर्ष २०७९/८० मा जम्मा २ सय ७७ थान प्रबिधि हस्तान्तरण गरीएको छ। सबै भन्दा बढी सञ्चालित उद्यम प्रवर्द्धनको लागि साझेदारीमा १ सय १७ थान र महिला उद्यमीको व्यवसायिक विकासको लागि २० थान हस्तान्तरण गरीएको थियो। आर्थिक वर्ष २०८०/८१ मा जम्मा १ सय ४८ थान प्रबिधि हस्तान्तरण गरीएकोमा सबै भन्दा बढी सञ्चालित उद्यम प्रवर्द्धनको लागि साझेदारीमा १ सय ४२ थान र महिला उद्यमिको व्यवसायिक विकासको लागि जम्मा ६ थान हस्तान्तरण गरीएको छ। दलित, बिपन्न तथा परम्परागत सिप भएकालाई भने कुनै पनि प्रबिधि हस्तान्तरण गरीएको छैन।

*तालिका ५३: प्रबिधि हस्तान्तरण(थान)*

| जिल्ला | आर्थिक वर्ष २०७९-८० | | | | आर्थिक वर्ष २०८०-८१ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रबिधि हस्तान्तरण(थान) | | | | प्रबिधि हस्तान्तरण(थान) | | | |
| | दलित बिपन्न तथा परम्परागत सिप भएकाको लागि | महिल उद्यमिको व्यवसायिक विकासको लागि | सञ्चालित उद्यम प्रवर्धनको लागि साझेदारीमा | जम्मा | दलित बिपन्न तथा परम्परागत सिप भएकाको लागि | महिल उद्यमिको व्यवसायिक विकासको लागि | सञ्चालित उद्यम प्रवर्धनको लागि साझेदारीमा | जम्मा |
| बाग्लुङ | २८ | १४ | ९ | ५१ | ० | ० | ८ | ८ |
| पर्बत | १५ | ० | १३ | २८ | ० | ० | २२ | २२ |
| म्याग्दी | ६ | ० | ५ | ११ | ० | ० | ११ | ११ |
| मुस्ताङ | २ | ६ | ० | ८ | ० | ० | ५ | ५ |
| कास्की | ११ | ० | ७ | १८ | ० | ६ | ४ | १० |
| तनहुँ | ११ | ० | १६ | २७ | ० | ० | १८ | १८ |
| गोरखा | १२ | ० | १६ | २८ | ० | ० | २३ | २३ |
| लमजुङ्ग | ९ | ० | १५ | २४ | ० | ० | ७ | ७ |
| मनाङ | ५ | ० | ८ | १३ | ० | ० | ८ | ८ |
| स्याङ्गजा | १३ | ० | २१ | ३४ | ० | ० | २१ | २१ |
| नवलपुर | ८ | ० | ७ | १५ | ० | ० | १५ | १५ |
| जम्मा | १२० | २० | ११७ | २५७ | ० | ६ | १४२ | १४८ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

८.५ जिल्ला स्थित पर्यटन तथा उद्योग कार्यालयहरूले प्रदान गर्ने सिप बिकास तथा उद्यम बिकास तालिम लिनेको संख्या आर्थिक वर्ष २०७९/८० भन्दा आर्थिक वर्ष २०८०/८१ मा २५.७२ प्रतिशतले कमी भएको पाईन्छ। तलिममा सहभगी हुनेमा पुरुष भन्दा महिलाको संख्या बढी रहेको देखिन्छ भने कुल संख्यामा आर्थिक वर्ष २०७९/८० मा बाग्लुङ जिल्ला र आर्थिक वर्ष २०८०/८१ मा तनहूँ जिल्लामा अन्य जिल्लाको तुलनामा सहभागिता बढी रहेको पाईयो।

*तालिका ५४:सिप बिकास तथा उद्यमबिकास तालिम*

| जिल्ला | आर्थिक वर्ष २०७९-८० | | | आर्थिक वर्ष २०८०-८१ | | |
|---|---|---|---|---|---|---|
| | सिप बिकास तथा उद्यमबिकास तालिम | | | सिप बिकास तथा उद्यमबिकास तालिम | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाग्लुङ | १८६ | २० | २०६ | ४१ | ४१ | ८२ |
| पर्बत | ९५ | ० | ९५ | १५ | ५४ | ६९ |
| म्याग्दी | ८५ | ६४ | १४९ | १५ | ३७ | ५२ |
| मुस्ताङ | ८ | २९ | ३७ | ७ | ३१ | ३८ |
| कास्की | ६८ | ४८ | ११६ | २५ | १५ | ४० |
| तनहूँ | ६५ | ५२ | ११७ | ९९ | ७९ | १७८ |
| गोरखा | ८९ | ३८ | १२७ | ४१ | ० | ४१ |
| लमजुङ्ग | ९४ | ७६ | १७० | ६५ | ३३ | ९८ |
| मनाङ | ९२ | २१ | ११३ | ४८ | ५ | ५३ |
| स्याङ्गजा | १०६ | ५२ | १५८ | ५६ | ११ | ६७ |
| नवलपुर | १५० | ४१ | १९१ | ३० | २३ | ५३ |
| जम्मा | १०३८ | ४४१ | १४७९ | ४४२ | ३२९ | ७७१ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

८.६ गण्डकी प्रदेश भित्र रहेका ११ वटा जिल्लाहरूमा आर्थिक वर्ष २०८०/८१ सम्मको अवधिमा ४० हजार ८ सय ६९ जना उद्यमीहरू क्रियाशील देखिन्छन् भने सो संख्या आर्थिक वर्ष २०७९/८० मा १९ हजार ४ सय ३५ रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा सबै भन्दा बढी उद्यमी तनहुँ जिल्लामा रहेका थिए भने आर्थिक वर्ष २०८०/८१ मा कास्की जिल्लामा बढी उद्यमी रहेको देखिन्च। फराकिलो बजार, उत्पादित सामाग्रीको बिक्री विवरणमा सहज हुने, बिभिन्न उद्योग सञ्चालनको लागि आवश्यक पर्ने तालिम, विज्ञ सेवा सहजै रुपमा उपलब्ध हुने हुँदा कास्की जिल्लामा सो संख्यामा बृद्धि भएको छ। दुई आर्थिक वर्षको तुलना गर्दा कुल उद्यमीहरूको संख्यामा आर्थिक वर्ष २०७९/८० भन्दा २०८०/८१ मा ११०.२८ प्रतिशतले बृद्धि भएको तथ्याङ्क हेर्दा नगरीकहरू उद्यम व्यवसायमा जागरुक तथा आकर्षित भएको देखिन्छ। यसरी उद्यमिहरू बृद्धि हुनुमा तिन बटै तहको सरकार, गैर सरकारी संस्थाहरूले उद्यमको क्षेत्रमा वितरण गर्ने अनुदानको प्रभावका कारण पनि संख्यामा बृद्धि भएको हुने अनुमान गर्न सकिन्छ।

*तालिका ५५:उद्यमिहरूको विवरण*

| जिल्ला | आर्थिक वर्ष २०७९-८० | | | आर्थिक वर्ष २०८०-८१ | | |
|---|---|---|---|---|---|---|
| | उद्यमी संख्या | | | उद्यमी संख्या | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बागलुङ | ५७ | ५३ | ११० | १०२० | १६१४ | २६३४ |
| पर्वत | ७१ | ५६ | १२७ | ० | ० | ० |
| म्याग्दी | ८० | ९१ | १७१ | ४७ | ५४ | १०१ |
| मुस्ताङ | १५ | ७७ | ९२ | ४२७ | ८१० | १२३७ |
| कास्की | ७१६ | ३७८ | १०९४ | ७६५३ | १४४१६ | २२०६९ |
| तनहुँ | ८८९० | ५२९० | १४१८० | २४० | १६५ | ४०५ |
| गोरखा | १८५ | १३६ | ३२१ | ७२१५ | ६००० | १३२१५ |
| लम्जुङ | १५१ | १४० | २९१ | ११७ | १०१ | २१८ |
| मनाङ | ३२५ | १५९ | ४८४ | ३५१ | १७० | ५२१ |
| स्याङ्जा | १२५० | ८४० | २०९० | १५० | १०० | २५० |
| नवलपुर | २६३ | २१२ | ४७५ | ११० | १०९ | २१९ |
| जम्मा | १२००३ | ७४३२ | १९४३५ | १७३३० | २३५३९ | ४०८६९ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

८.७ चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा गण्डकी प्रदेशमा दर्ता भएका उद्योग तर्फ ६८ हजार १ सय ४९ र वाणिज्यतर्फ ६७ हजार ८ सय ४१ का उद्योग/फर्महरू बाट रु ५ करोड ६४ लाख ४५ हजार ८ सय ८० प्रदेश सरकारलाई राजश्व आम्दानी भएको छ ।

*तालिका ५६: पर्यटन तथा उद्योग कार्यालयबाट संकलित राजश्व*

| आर्थिक वर्ष | राजश्व रकम रु. |
|---|---|
| २०७६-७७ | ७०५१५५ |
| २०७७-७८ | ८९८४९३४१ |
| २०७८-७९ | ६३६६८१२१ |
| २०७९-८० | ६०९६३४७१ |
| २०८०-८१ | ४५०४६१५४ |
| २०८१-८२ * | ५६४४५८८० |
| *फागुन मसान्तसम्म | |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय,२०८१

८.८ लघु, घरेलु तथा साना उद्योग दर्ता नवीकरण तथा खारेजीको विवरण अनुसार २६ हजार ६ सय ३७ दर्ता भएकोमा जम्मा २० हजार ८ सय २२ नवीकरण भएका छन् भने ति उद्योगहरूबाट जम्मा १ लाख ८२ हजार ३ सय ९९ रोजगारी सिर्जना भएको छ। चालु आर्थिक वर्षको चैत मसान्त सम्ममा ९०० उद्योग खारेजी भएका छन् भने अन्य उद्योगहरू नवीकरण र खारेजीको प्रकृयामा आएको देखिदैन।

*तालिका ५७:लघु, घरेलु तथा साना उद्योग दर्ता नवीकरण तथा खारेजी*

| आर्थिक वर्ष | दर्ता | नवीकरण | रोजगारी सिर्जना | खारेजी |
|---|---|---|---|---|
| २०७७-७८ | ११४२५ | | ३२८७७ | |
| २०७८-७९ | ७९८४ | | २३६५८ | |
| २०७९-८० | ३६५९ | ८४१९ | १२४७७ | |
| २०८०-८१ | २१९३ | ५९६४ | १०८८८७ | |
| २०८१-८२ चैत सम्म | १३७६ | ६४३९ | ४५०० | ९०० |
| जम्मा | २६६३७ | २०८२२ | १८२३९९ | ९०० |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

८.९ २०८० असारसम्म गण्डकी प्रदेशमा लगत कट्टा गरी अद्यावधिक कायम रहेका लघु तथा साना उद्योगको सङ्ख्या ६४ हजार ५ सय ५३ र वाणिज्य फर्मको सङ्ख्या ६३ हजार ८ सय ८२ रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा सो विवरण ६८ हजार १ सय ४९ र ६७ हजार ८ सय ४१ पुगेको छ। पछिल्लो समय प्रदेश अन्तर्गतका कार्यालयहरूमा दर्ता भएर लामो समय नवीकरण नभएका उद्योग तथा फर्महरूको लगत कट्टा गर्दै अद्यावधिक गरीरहेकोले कुल उद्योग तथा वाणिज्य फर्महरूको सङ्ख्यामा उल्लेखनीय बृद्धि हुन सकेको छैन। अन्य जिल्लाहरूको तुलनामा  कास्की जिल्लामा उद्योग र वाणिज्य फर्महरूको संख्या बढी रहेको छ।

*तालिका ५८: उद्योग र वाणिज्य फर्महरूको जिल्लागत विवरण (सङ्ख्यामा)*



| | गोरखा | जम्जुङ्ग | तनहुँ | स्याङ्जा | कास्की | मनाङ | मुस्ताङ | म्याग्दी | पर्वत | बाग्लुङ | नवपरासी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्योग | ६३०४ | ५५१९ | ११५६८ | ७५८३ | १९३५४ | ५२२ | १२२५ | २७८३ | ३५८४ | २६८८ | ७०१९ | ६८१४९ |
| वाणिज्य फर्महरु | ४८९३ | ५१४१ | ७७२८ | ६०९० | २५२९२ | ९८ | ३७३ | २६३० | ३३७३ | ३२९० | ८९३३ | ६७८४१ |

उद्योग वाणिज्य फर्महरु

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८

## प्रदेश भित्र दर्ता भएका फर्म तथा प्रतिष्ठानहरू

८.१० गण्डकी प्रदेशका ११ बटा जिल्लालाई कार्य क्षेत्र बनाई बिभिन्न जिल्लामा रहेका आन्तरिक राजस्व कार्यालयहरूमा जम्मा ५ लाख ८२ हजार ७ सय ३१ करदाताले स्थायी लेखा नं. लिएका छन्। भने सो मध्ये व्यक्तिगत पान ३ लाख ८३ हजार ५ सय ७९ र डब्लु पान ४ हजार ८५ दर्ता भएको देखिन्छ।

*चार्ट २२: प्रदेश भित्र फर्म दर्ताको विवरण (प्रतिशतमा)*




स्रोतः आन्तरिक राजश्व कार्यालय पोखरा,२०८१

*तालिका ५९:दर्ता भएका फर्महरूको विवरण*

| क्र.श | विवरण | पोखरा | स्याङ्जा | बाग्लुङ | पर्वत | दमौली | गोरखा | लमजुङ | नवलपरासी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकलौटी | ५३९९० | १२७२५ | १६५७० | ७२४१ | २३७६६ | १४४२५ | १०८५७ | २२५३३ | १६२१०७ |
| २ | साझेदारी | ९५२ | १९० | ४६८ | १०१ | २९१ | १४९ | १९३ | ७४७ | ३०९१ |
| ३ | प्रा.ली. | ९९७८ | ७७५ | ९१७ | २९९ | २२७९ | १२१० | ७२९ | १६६७ | १७८५४ |
| ४ | आयकरमा जम्मा | ६८९३४ | १६०५२ | २०५९२ | ८७२० | २५०५३ | १६५८३ | १२२८३ | २६८५० | १९५०६७ |
| ५ | मूल्य अभिबृद्धि कर | १२५६० | १४४४ | १६३० | ५७२ | २३२७ | १३१० | ९६८ | २८१६ | २३६२७ |
| ६ | अन्तःशुल्क | ४५५४ | ९५९ | १४६२ | ६११ | १८३४ | ७४९ | ५७० | १८७५ | १२६१४ |
| ७ | व्यक्तिगत पान | २००४९८ | १०६७० | ४९१४७ | ७४५ | ५४११६ | १२६०२ | ११३६८ | ४४४३३ | ३८३५७९ |
| ८ | डब्लु पान | ५४१ | ४३५ | ९६२ | ३३१ | ५१४ | ४६५ | ४२९ | ४०८ | ४०८५ |
| | कूल जम्मा (४+७+८) | २६९९७३ | २७१५७ | ७०७०१ | ९७९६ | ७९६८३ | २९६५० | २४०८० | ७१६९१ | ५८२७३१ |

स्रोतः आन्तरिक राजश्व कार्यालय पोखरा,२०८१

## एक स्थानीय तह एक औद्योगिक ग्राम

८.११ नेपाल सरकारको घोषित नीति एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारण अनुरुप गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन भई सम्भाव्य देखिएका ५१ स्थानीय तहमध्ये नेपाल सरकारले २६ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरेको छ।

## प्रदेश औद्योगिक क्षेत्र

८.१२ आर्थिक वर्ष २०७९/८० मा लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व र पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ, कास्की  गरी दुई औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णय भएकोमा हाल विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको छ। सोका लागि जग्गा भोगाधिकार प्राप्तिका लागि प्रदेश मन्त्रिपरिषद्बाट निर्णय भई नेपाल सरकारसमक्ष अनुरोध गरीएको छ।

*तालिका ६०:प्रदेश औद्योगिक क्षेत्रको अवस्था*

| नाम | क्षेत्रफल |
|---|---|
| पुँडिटार औद्योगिक क्षेत्र, कास्की/तनहुँ | **१०४.१९ हेक्टर** |
| लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी (ब.सु.पू.) | **९५ हेक्टर** |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

## पर्यटन

८.१३ पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको प्रमुख संवाहक हो। गण्डकी प्रदेश जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त रहेको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा 'प्रदेश समृद्धिको आधार पर्यटनको दिगो विकास' लाई पर्यटन क्षेत्रको दीर्घकालीन सोच बनाइएको छ।

८.१४ प्रदेशको पञ्चवर्षीय योजनाले पहिचान गरेका ठूला पर्यटन पूर्वाधारमध्ये पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ भने विभिन्न पर्यटन पदमार्ग निर्माण भएका छन्।

## पर्यटक लक्षित घरवास कार्यक्रम

८.१५ पर्यटनको बृहत सम्भावना रहेको गण्डकी प्रदेशमा गाँउ पर्यटन प्रवर्द्धनका लागि सामुदायिक घरबास (होमस्टे) परियोजना अन्तर्गत पर्यटन पूर्वाधार निर्माण र मर्मत तथा सम्भारमा प्रदेश सरकारले सहयोग गर्दै आएको छ। प्रदेशभित्र सञ्चालनमा रहेका ३३२ सामुदायिक होमस्टेको पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा प्रदेशले नियमित रूपमा सहयोग र प्रोत्साहन प्रदान गरीरहेको छ।

संख्यागत आधारमा सबै भन्दा बढी होमस्टे तनहुँ र पर्वतमा रहेका छन् भने सबै भन्दा कम मनाङ जिल्लामा रहेका छन्।

*तालिका ६१: गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे*

| जिल्ला | संख्या | अंश प्रतिशत |
|---|---|---|
| गोरखा | ३२ | ९.६ |
| लम्जुङ्ग | २८ | ८.४ |
| तनहुँ | ५३ | १६.० |
| स्याङ्जा | ५० | १५.१ |
| कास्की | ४९ | १४.८ |
| मनाङ | ३ | ०.९ |
| मुस्ताङ | ४ | १.२ |
| म्याग्दी | १२ | ३.६ |
| पर्वत | ५३ | १६.० |
| बाग्लुङ | ३४ | १०.२ |
| नवलपुर | १४ | ४.२ |
| जम्मा | **३३२** | १००.० |

स्रोतःउद्योग तथा पर्यटन मन्त्रालय,२०८१

# ९. सामाजिक क्षेत्र

## शिक्षा

९.१ आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रक योगदान ८.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ७.९ प्रतिशत पुग्ने अनुमान गरीएको छ। त्यसैगरी, गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०८०/८१ मा ९.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा केहि घटेर ८.३ प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ।

*तालिका ६२: कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत)*




स्रोतःराष्ट्रीय तथ्याङ्क कार्यालय, २०८२ * प्रारम्भिक अनुमान ** सम्शोधित अनुमान

९.२ गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समुहको औसत साक्षरता ९६.५७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको ५ वर्ष माथिको साक्षरता ८१.७ प्रतिशत रहेको छ। जनगणना अनुसार सबै भन्दा बढी साक्षरता गण्डकी प्रदेशको कास्की जिल्लामा रहेको छ।

*तालिका ६३: जिल्लागत साक्षरता दर (५वा + उमेर समूह)*




स्रोतः सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्रालय, -२०८१

## विद्यालय, विद्यार्थी र शिक्षक

९.३ शैक्षिक वर्ष २०७५ मा गण्डकी प्रदेशमा ४३५० रहेको कुल विद्यालय सङ्ख्या शैक्षिक वर्ष २०८० मा आइपुग्दा घटेर ४०४४ मा सीमित भएको छ। शैक्षिक वर्ष २०८१ उक्त सङ्ख्या थप घटेर ३८९० मा कायम हुन पुगेको छ। यस बीचमा रोजगारीको खोजी, समाजिक तथा भौतिक सुख सुविधा उन्मुख ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने बसाईसराईले कतिपय विद्यालय बन्द भएको र कतिपय आपसमा गाभिएकोले सामुदायिक बिद्यालयको सङ्ख्यामा कमी देखिन आएको छ भने संस्थागत बिद्यालयको संख्यामा केही थप भएको देखिन्छ। समग्रमा आधारभूत तह (कक्षा१-५) मा पढाई हुने विद्यालयको तुलनामा माघ्यमिक तहमा पढाई हुने विद्यालयहरूको सङ्ख्या कम रहेको छ।

*तालिका ६४: प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार)*

| बिद्यालय तह | २०७५ | | २०७६ | | २०७७ | | २०७८ | | २०७९ | | २०८० | | २०८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| आधारभूत (कक्षा १-५) | २२४२ | १४८ | २१८४ | १५२ | २१८४ | १५२ | २००६ | ९६ | १९६१ | १०३ | १९२३ | १३४ | १८१३ | १३२ |
| आधारभूत (कक्षा १-८) | ५४६ | ९६ | ५४५ | ७९ | ५४५ | ८१ | ५७० | १०९ | ५२९ | ११५ | ५२४ | ११५ | ४८३ | ११३ |
| माघ्यमिक (कक्षा ९-१०) | ४५७ | २७९ | ५०९ | २३४ | ५०९ | २३४ | ४७५ | २५५ | ४६२ | २५५ | ४६७ | २७० | ४४६ | २६० |
| माघ्यमिक (कक्षा ११-१२) | ४४७ | १३५ | ४९० | १२४ | ४९० | १२४ | ४७१ | १२२ | ४८९ | ११६ | ४९३ | ११८ | ५०५ | १३८ |
| जम्मा विद्यालय | ३६९२ | ६५८ | ३७२८ | ५८९ | ३७२८ | ५९१ | ३५२२ | ५८२ | ३४४१ | ५८९ | ३४०७ | ६३७ | ३२४७ | ६४३ |

श्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र, २०८१

९.४ प्रदेशका सबै तहका विद्यालयमा संस्थागतको तुलनामा सामुदायिक विद्यालयहरूको सङ्ख्या बढी रहेको छ। आधारभूत (१-५) मा ९३.२१ प्रतिशत, आधारभूत (१-८) मा ८१ प्रतिशत र माध्यामिक (९-१०) मा ६३ प्रतिशत सामुदायिक विद्यालयको योगदान छ भने माध्यामिक (११-१२) तहमा ७८.५३ प्रतिशत विद्यालयहरू सामुदायिक छन्।

*चार्ट २३:गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८१)*




स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र,फल्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा,२०८१

९.५ शैक्षिक सत्र २०८० मा गण्डकी प्रदेशमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीको सङ्ख्या ५ लाख ३५ हजार ३ सय रहेकोमा २०८१ मा ५ लाख १ हजार ९४ मा झरेको छ। शैक्षिक सत्र २०८२ मा अध्ययनरत विद्यार्थीमध्ये छात्रा ४७.२५ प्रतिशत र छात्र ५२.७४ प्रतिशत रहेका छन्।

*तालिका ६५:प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार)*

| विद्यालय तह | छात्रा/छात्र | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | १५५३८५ | १२५५७८ | १२४४३९ | ११६५३९ | ११६४१७ | ११२००० | १०६७१० |
| | छात्र | १५५६७७ | १३७३५८ | १३६५७१ | १३२४०३ | १३३१७९ | १२९००० | १२३६८७ |
| आधारभूत(६-८) | छात्रा | ९५८५१ | ७८५८१ | ८०१९५ | ६९६१२ | ६९०३४ | ६७६०० | ६४३४४ |
| | छात्र | ९५८७० | ७९४७१ | ८२१२० | ७४९७४ | ७५९९८ | ७६००० | ७२९२८ |
| आधारभूत(१-८) | छात्रा | २५१२३६ | २०४१५९ | २०४६३४ | १८६१५१ | १८५४५१ | १७९५०० | १७१०५४ |
| | छात्र | २५१५४७ | २१६८२९ | २१४६९१ | २०७३७७ | २०९१७७ | २०४९०० | १९६६१५ |
| माध्यमिक(९-१०) | छात्रा | ५२४४७ | ५०५६३ | ५१८२८ | ४७०३० | ४५१८० | ४२७०० | ४०१३५ |
| | छात्र | ५११५१ | ४९६७४ | ५०९७२ | ४७६२९ | ४६३९५ | ४४८०० | ४२३९५ |
| माध्यमिक(११-१२) | छात्रा | ४०१६० | ३६०६९ | ३६१६१ | ३७६८१ | ३३७५१ | ३२२०० | २५६११ |
| | छात्र | ३७८२९ | ३५३५२ | ३५३९६ | ३६४८३ | ३२६३२ | ३१००० | २५२८४ |
| माध्यमिक (९-१२) | छात्रा | ९२६०७ | ८६६३२ | ८७९८९ | ८४७११ | ७८९३१ | ७५००० | ६५७४६ |
| | छात्र | ८८९८० | ८५०२६ | ८६३६८ | ८४११२ | ७९०२७ | ७५८०० | ६७६७९ |
| जम्मा विद्यार्थी | छात्रा | ३४३८४३ | २९०७९१ | २९२६२३ | २७०८६२ | २६४३४२ | २५४५०० | २३६८०० |
| | छात्र | ३४०५२७ | ३०१८५५ | ३०५०५९ | २९१४८९ | २८८२०४ | २८०७०० | २६४२९४ |
| | जम्मा | ६८४३७० | ५९२६४६ | ५९७६८२ | ५६२३५१ | ५५२५४६ | ५३५३०० | ५०१०९४ |

स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र,फल्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा,२०८१

९.६ गण्डकी प्रदेशमा आधारभुत तहको तुलनामा माघ्यमिक तहको खुद विद्यार्थी भर्नादर तुलनात्मक रूपमा न्यून रहेको छ। यद्यपी, पछिल्ला वर्षहरूमा माघ्यमिक तहको खुद भर्ना दरमा भने अघिल्ला वर्षहरूको तुलनामा क्रमशः सुधार आएको छ तर आर्थिक वर्ष २०८१ मा ०.९ प्रतिशत ले कमी भएको छ।

*तालिका ६६: गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्नादर (शैक्षिक सत्र अनुसार)*

| तह अनुसार विद्यालय | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (१-५) | ९६ | ९७.१ | ९७.८ | ९६.९४ | ९७ | ९५.४ | ९५.२ |
| आधारभूत तह (६-८) | ९४.३ | ९५.६ | ९६.३ | ९७.०७ | ९७.७ | ९४.६ | ९३.३ |
| आधारभूत तह (१-८) | ९५.१ | ९६.४ | ९७ | ९७ | ९७.१ | ९५ | ९४.४ |
| माध्यामिक तह (९-१०) | ७०.८ | ७२.१ | ७३.५ | ७३.०५ | ७९.६६ | ७७.१ | ७२.६ |
| माध्यामिक तह (११-१२) | २३.७ | २५.३ | ३१.९ | ३३.९६ | ३५.१६ | ४०.६ | ४३.१ |
| माध्यामिक तह (९-१२) | ४७.२ | ४८.७ | ५२.७ | ५३.५ | ५७.४१ | ५८.८ | ५७.९ |

स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र, फल्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा,२०८२

९.७ अन्य प्रदेशको तुलनामा कक्षा (१-५) को खुद भर्ना दर गण्डकी प्रदेशको बढी रहेको देखिन्छ भने कक्षा (११-१२) मा कर्णाली प्रदेशको बढेको देखिन्छ।

*तालिका ६७: प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना*

| प्रदेश/तह | विद्यालयको सङ्ख्या | | सामुदायिक विद्यालयमा कार्यरत शिक्षक | | | विद्यार्थी भर्ना (हजारमा) | | खुद भर्नादर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | स्थायी | अस्थायी | राहत | छात्रा | छात्र | कक्षा (१-५) | कक्षा (११-१२) |
| कोशी | ५२६८ | १६३४ | १८३३२ | ५८१० | ६६३६ | ५२९ | ५५८ | ९४.६ | ३८.३ |
| मधेश | ३४६९ | १४४४ | १००२८ | ३०१४ | ४५०२ | ७८७ | ८४२ | ९४.१ | २६.४ |
| बागमती | ४५८४ | २१०८ | १७२८० | ६०३५ | ७९९० | ६४० | ७२९ | ९४.९ | ४०.० |
| गण्डकी | ३२४७ | ६४३ | १३२६३ | ४९९५ | ३८५२ | २३७ | २६४ | ९५.२ | ४३.१ |
| लुम्बिनी | ४४३९ | १२९६ | १३८०८ | ४५५५ | ६५३९ | ५९८ | ६४९ | ९३.८ | ३७.५ |
| कर्णाली | २९३३ | २७७ | ६२६१ | २६५९ | ३८४२ | २४० | २४३ | ९४.९ | ४४.५ |
| सुदूरपश्चिम | ३३५८ | ७४७ | ८०१७ | २६३१ | ६६०१ | ३४३ | ३५३ | ९४.३ | ३८.२ |
| **जम्मा** | **२७२९८** | **८१४९** | **८६९८९** | **२९६९९** | **३९९६२** | **३३७३** | **३६३८** | **९४.४** | **३७.१** |

स्रोतः आर्थिक सर्वेक्षण, २०८२

९.८ अझै पनि सामुदायिक विद्यालयहरूमा कार्यरत अस्थायी तथा राहत कोटामा कार्यरत शिक्षकहरूको सङ्ख्या ठूलो देखिन्छ। शैक्षिक वर्ष २०७९ र २०८० मा गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा कार्यरत सबै प्रकारका शिक्षकको सङ्ख्या जम्मा २२ हजार १ सय १९ रहेकोमा शैक्षिक वर्ष २०८१ मा भने सो संख्या ८ सय ६४ ले घटेको छ। अन्य शैक्षिक वर्षमा राहत शिक्षकको संख्या बढ्ने प्रवृति देखिएकोमा शैक्षिक वर्ष २०८१ मा भने केही कम भएको देखिन्छ।

*तालिका ६८ : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण (शैक्षिक वर्ष अनुसार)*

| तह | दरबन्दी | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | स्थायी | ७८९७ | ७८९७ | ११८४७ | १०६६२ | ११५१४ | ११५१४ | ९२५७ |
| | अस्थायी | ४७९२ | ४८९३ | ८५० | २०३५ | १३०४ | १३०४ | ३०९० |
| | राहत | १४९९ | १५३५ | १६१५ | १६१५ | १५३५ | १५३५ | १३३५ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | २२३७ | २२३७ | २६०१ | २४४१ | २३४८ | २३४८ | २१४५ |
| | अस्थायी | ४८० | ४८० | २२१ | ३८१ | ३६९ | ३६९ | ८४१ |
| | राहत | १०७३ | १०८८ | १०७३ | १०७३ | १०८८ | १०८८ | १०४० |
| आधारभूत(कक्षा ९-१०) | स्थायी | २०४८ | २०७२ | २१०९ | २२०९ | २०५२ | २०५२ | १८६१ |
| | अस्थायी | १४७ | १४७ | २९६ | १९६ | १६७ | १६७ | ८०९ |
| | राहत | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७७ |
| माध्यमिक(कक्षा ११-१२) | स्थायी | ० | ० | ० | ० | ० | ० | ० |
| | अस्थायी | २५७ | ३३७ | ७५२ | ७५२ | ७५२ | ७५२ | २५५ |
| | राहत | ५८५ | ६०३ | ७३६ | ६३६ | ६०६ | ६०६ | ६०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक (कक्षा १-१२) | स्थायी | १२१८२ | १२२०६ | १६५५७ | १५३१२ | १५९१४ | १५९१४ | १३२६३ |
| | अस्थायी | ५६७६ | ५८५७ | १६२४ | २८६९ | २०९७ | २०९७ | ४७४० |
| | राहत | ४०३६ | ४१०५ | ४२०४ | ४२०४ | ४१०८ | ४१०८ | ३२५२ |
| जम्मा | | २१८९४ | २२१६८ | २२३८५ | २२३८५ | २२११९ | २२११९ | २१२५५ |

स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र,फ्ल्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा, २०८१

९.९ गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा प्रति शिक्षक विद्यार्थी अनुपात अन्य तहको तुलनामा धेरै रहे पनि पछिल्ला वर्षहरूमा घट्दै आएको छ। शैक्षिक वर्ष २०७५ मा माध्यमिक तह (कक्षा ११-१२) मा प्रति शिक्षक विद्यार्थी अनुपात ७७ रहेकामा शैक्षिक वर्ष २०७९ मा यो अनुपात ५९ र २०८० मा ७३ पुगेको छ। अन्य तहको शिक्षक विद्यार्थी अनुपात स्वभाविक नै रहेको छ।

*तालिका ६९ : सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र अनुसार)*

| विवरण | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १३ | ११ | १३ | १३ | ११ | १७ | ९.१ |
| आधारभूत तह (कक्षा ६–८) | ३४ | २९ | ३३ | २१ | २७ | ३८ | २२ |
| माध्यमिक तह (कक्षा ९-१०) | २५ | २४ | २७ | १५ | २३ | २८ | १६.३ |
| माध्यमिक तह (कक्षा ११–१२) | ७७ | ५४ | ५५ | ३९ | ५९ | ७३ | २९ |

स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र, फ्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा, २०८१

## धार्मिक विद्यालय

९.१० गण्डकी प्रदेशमा विभिन्न धार्मिक शैक्षिक संस्थाहरू क्रियाशील रहेका छन्। प्रदेशमा रहेका ६४ धार्मिक विद्यालयमध्ये २७ गुरुकुल, १३ गुम्बा विद्यालय तथा २४ मदरसा रहेका छन्। यस्ता संस्थाहरुका विद्यालयमा विभिन्न तहमा गरी ३४२ छात्रा र २१०० छात्र गरी कुल २४४२ विद्यार्थी अध्ययनरत छन्। धार्मिक विद्यालयमध्ये क्रमशः गुरुकुल, गुम्बा र मदरसामा धेरै विद्यार्थी रहेका छन्।

*चार्ट २४: गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या*







स्रोतः सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखरा, २०८१

## उच्च शिक्षा

९.११ गण्डकी प्रदेशमा २ विश्वविद्यालय, १७ आङ्गिक क्याम्पस, ८३ सामुदायिक क्याम्पस तथा ५२ निजी गरी कुल १५२ उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्थाहरू रहेका छन्। शैक्षिक वर्ष २०८१ कुल विद्यार्थी भर्ना सङ्ख्यामा ८.४० प्रतिशतले शैक्षिक वर्ष २०८० भन्दा कम भई ४४ हजार १ सय ६८ पगेको छ। संकायगतरुपमा सबैभन्दा धेरै विद्यार्थी व्यवस्थापन संकायमा अध्ययनरत छन।

*तालिका ७० : प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण*

| संकाय | २०८० कुल विद्यार्थी | २०८१ कुल विद्यार्थि |
|---|---|---|
| कृषि | ६०५ | ४१६ |
| शिक्षाशास्त्र | १०९९४ | ९२२८ |
| इञ्जिनियरिङ | ४२२३ | ४४६७ |
| बनविज्ञान | ० | ३७२ |
| मानविकी तथा समाजशास्त्र | २७२२ | २६९५ |
| कानून | ७०८ | १२७५ |
| व्यवस्थापन | २२९०१ | २०१६० |
| मेडिसिन | २९७४ | ३३८९ |
| विज्ञान तथा प्रविधि | २७६९ | १९०९ |
| संस्कृत | ३४२ | २७५ |
| **जम्मा** | **४८२३८** | **४४१८६** |

स्रोत:UGC EMIS Report २०८०/०८१

९.१२ शैक्षिक वर्ष २०८० माघ्यमिक शिक्षा परीक्षामा सहभागि भई उत्तिर्ण हुनेको संख्या प्रदेश भित्र २० हजार १ सय ८ रहेका छन्। GPA २.८ देखि ३.२ को बिचमा ल्याउनेको संख्या अन्यको भन्दा बढी रहेको छ।

*तालिका ७१: माघ्यमिक शिक्षा परिक्षा, कक्षा १०, (SEE) २०८० को नतिजा विवरण*




स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र,फ्यास रिपोर्ट, गण्डकी प्रदेश पोखरा,२०८२

## गण्डकी विश्वविद्यालय

९.१३ २०७६ सालमा विश्वविद्यालय स्थापना भए पश्चात् शैक्षिक वर्ष २०७८/७९ देखि स्नातक तहको ४ वर्षीय ३ संकाय सञ्चालनमा रहेका छन्। अन्य संकायको तुलनामा विकास तथा व्यवस्थापन संकायमा विद्यार्थीहरू बढी रहेका छन्।

*तालिका ७२: गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या*

| संकाय | सञ्चालित कार्यक्रम | विद्यार्थी सङ्ख्या | क्रेडिट आवर |
|---|---|---|---|
| विकास तथा व्यवस्थापन | Bachelor in Sports Management | ५८ | १४८ |
| | Bachelor of Business Administration | ११७ | १२० |
| | Bachelor of Arts and, Bachelor of Law | १८२ | १९० |
| चिकित्सा विज्ञान संकाय | Bachelor of Pharmacy | ९८ | १६८ |
| विज्ञान तथा प्रविधि | Bachelor of Information Technology | २१२ | १३८ |
| अन्य | Masters of information technology- Artifical Intelligence | १७ | ६० |
| जम्मा | | ६८४ | |

स्रोतः गण्डकी विश्वविद्यालय, २०८१

## प्राविधिक शिक्षा

९.१४ गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त गरी सञ्चालित आङ्गिक शिक्षालयहरू ११, सामुदायिक विद्यालयमा ३९, साझेदारीमा सञ्चालित ६ र सम्बन्धन प्राप्त १५ गरी कुल ७१ डिप्लोमा तहको अध्यापन गराउने संस्थाहरू सञ्चालित छन्।

९.१५ प्रि-डिप्लोमा तहको पठनपाठन सञ्चालन गर्ने कुल संस्थाहरूको सङ्ख्या गण्डकी प्रदेशमा २६ रहेको छ। ति मध्ये परिषद्का आङ्गिक शिक्षालयहरू ३, सामुदायिक विद्यालय १९ र सम्बन्धन प्राप्त ४ संस्थाहरू छन्।

*तालिका ७३: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू*

| कार्यक्रम | आङ्गिक शिक्षालय | सामुदायिक विद्यालयमा | सामुदायिक साझेदारीमा | सम्बन्धन प्राप्त | जम्मा |
|---|---|---|---|---|---|
| प्रिडिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | ३ | १९ | ० | ४ | २६ |
| डिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | ८ | २० | ६ | ११ | ४५ |
| जम्मा संस्थाहरू | ११ | ३९ | ६ | १५ | ७१ |

श्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, गण्डकी प्रदेश कार्यालय, २०८१

९.१६ हाल सम्म शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा सम्बन्धित स्थानीय तहबाट अनुमति पाएका कक्षा ९-१२ मा प्राविधिक धारमा इन्जिनियरिङ र कृषि विषय सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या १३३५ रहेका छन्।

*तालिका ७४:प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण*




श्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, गण्डकी प्रदेश कार्यालय, २०८१

## युवा तथा खेलकुदा तर्फ

९.१७ युवा तथा खेलकुद तर्फ सामाजिक विकास मन्त्रालयले चालु आर्थिक वर्षमा बिभिन्न व्यक्ति लक्षित कार्यक्रमहरू सञ्चालन गरेको थियो। गण्डकी प्रदेश भित्र रहेका युवाहरूलाई खेल प्रति आकर्षण र प्रोत्सहान गर्ने हेतुले सञ्चालन गरीएको कार्यक्रमहरूमा स्वस्थ्य जीवनशैली अपनाउनका लागि योग तथा ध्यान कार्यक्रम (पालिकाहरूको सहकार्यमा) मार्फत् धेरै संख्यामा व्यक्तिहरू लाभान्वित भएको पाईयो।

*तालिका ७५: युवा तथा खेलकुद महाशाखा मार्फत् संचालित कार्यक्रमको विवरण*

| कार्यक्रमको नाम | लाभान्वित संख्या |
|---|---|
| स्वस्थ्य जीवनशैली अपनाउनका लागि योग तथा ध्यान कार्यक्रम (पालिकाहरुको सहकार्यमा) | ३००० जना |
| विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | १६ संस्था |
| नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण | ४९ जना |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग | ६ जना |
| युवा क्लब तथा खेलकुद सम्बन्धी संस्थाहरुका लागि खेलकुद सामाग्री प्रोत्साहन कार्यक्रम | ६० संस्था |
| गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी | ९ जना |
| लागु औषध दुवर्यसन विरुद्धको कार्यक्रम | ३५ जना |

स्रोतः सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा २०८१

९.१८ शैक्षिक वर्ष २०७९ मा गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरूमा डिप्लोमा तहमा भर्ना भएका विद्यार्थी सङ्ख्या कुल २४५२ रहेकोमा २०८० मा ३२०० पुगेको छ। प्रि-डिप्लोमा तहमा विभिन्न विषयमा अध्ययनरत १९६० गरी कुल ५१६० विद्यार्थी भर्ना भएको देखिन्छ।

९.१९ विषयगत रुपमा हेर्दा सबैभन्दा बढी इञ्जिनियरिङ विषयमा विद्यार्थीहरूको आकर्षण रहेको देखिन्छ भने त्यसपछी सूचना प्रविधि तथा स्वास्थ्य सम्बन्धी विषयहरू, बाली, पशु तथा वनस्पती विज्ञान र होटल व्यवस्थापन तथा सामाजिक क्षेत्रका विषयमा क्रमशः कम आकर्षण रहेको देखिन्छ।

*तालिका ७६ : विभिन्न विषयमा अध्ययनरत विद्यार्थी विवरण*

| विषय | प्री डिप्लोमा | डिप्लोमा |
|---|---|---|
| होटल व्यवस्थापन तथा पाक कला | ८० | ८० |
| वनस्पति शास्त्र | ७२० | ६४० |
| कम्प्यूटर इन्जिनियरिङ/आइटी | १२० | २४० |
| अटोमोवाइल इन्जिनियरिङ | ४० | ८० |
| सिभिल इन्जिनियरिङ | ३६० | १००० |
| प्राणी शास्त्र | १६० | ४८० |
| इलेक्ट्रिकल इन्जिनियरिङ | १६० | ८० |
| मानव स्वास्थ्य सम्वन्धी | २४० | ४०० |
| सर्भे/जियोमेटिक्स इन्जिनियरिङ | ४० | ८० |
| सामाजिक परिचालक | ४० | १२० |
| **कुल** | **१९६०** | **३२००** |

स्रोतः प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश,२०८१

## स्वास्थ्य सेवा

९.२० गण्डकी प्रदेशले स्वास्थ्य क्षेत्रमा सुधारको लागि जिल्ला अस्पतालको सुदृढीकरण र विशिष्टीकृत अस्पताल (सरुवा रोग, महिला तथा बाल, मुटु, मृगौला र क्यान्सर) को स्थापना र सञ्चालनमा जोड दिदैं आएको छ। साथै, नेपाल सरकार र स्थानीय तहको सहकार्यमा आधारभुत स्वास्थ्य सेवाको पहुँच सबै नागरीकलाई पुऱ्याउने र कुपोषण न्यूनीकरण गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखेको छ।

९.२१ दक्ष मानव पूँजी निर्माण र सामाजिक सूचकहरूको सुधारमा अत्यन्तै महत्वपूर्ण भुमिका भए पनि कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य तथा सामाजिक कार्यको योगदान तुलनात्मक रुपमा न्यून रहेको छ। यस क्षेत्रले तत्काल प्रतिफल दिने भन्दा पनि दीर्घकालमा दिगो र समावेशी विकासको आधारशिला

निर्माणमा योगदान गर्ने भएकोले राष्ट्रिय आयमा प्रत्यक्ष योगदान न्यून देखिएको हो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलपको योगदान १.९ प्रतिशत हुने अनुमान छ भने गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २.४ प्रतिशत हुने अनुमान रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान विगत केही वर्षदेखि लगभग स्थिर रहँदै आएको छ।

*तालिका ७७: कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

९.२२ गण्डकी प्रदेशमा विभिन्न तहका स्वास्थ्य संस्थाहरू मार्फत् प्रदेशका नागरीकहरूलाई स्वास्थ्य सेवा पुर्याइएको छ । प्रदेशमा आ.व. २०८०/८१ मा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने १३० सामुदायिक स्वास्थ्य ईकाइ, ११७ शहरी स्वास्थ्य केन्द्र, १८६ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ४७८ स्वास्थ्य चैकीहरू, १७ प्राथमिक स्वास्थ्य सेवा केन्द्र (PHCC), २४ वटा आधारभूत अस्पतालहरू सहित ४१ सार्वजनिक अस्पतालहरू रहेका छन् । त्यसैगरी यस प्रदेशमा सरकारी स्वास्थ्य संस्था अन्तर्गत रही १३१३ गाँउघर क्लिनिक मार्फत् प्राथमिक स्वास्थ्य सेवा, १८९३ खोप क्लिनिक मार्फत् खोप सेवा प्रदान गरीएको छ भने ५८६४ म.स्वा.स्व.से. मार्फत् विभिन्न स्वास्थ्य सेवाहरू घरदैलोसम्म पुयाईएको छ । वैकल्पिक तथा आयुर्वेद सेवा तर्फ भने प्रदेशमा २ प्रदेश आयुर्वेद अस्पतालहरू, ९ प्रदेश आयुर्वेद चिकित्सालय र ५५ आयुर्वेद औषधालय मार्फत् नागरीकहरूमा आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रदान गरीएको छ ।

*तालिका ७८: स्वास्थ्य सेवा र सुविधामा विस्तार*

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार |
|---|---|---|---|---|
| १. जम्मा स्वास्थ्य संस्था | | | | |
| (क)सरकारी अस्पताल | १९ | १९ | ४१ | ४१ |
| (ख)निजी अस्पताल | ६९ | ६९ | ६९ | ६९ |
| (ग)प्राथमिक स्वास्थ्य केन्द्र | २३ | २३ | २२ | १७ |
| (घ)स्वास्थ्य चौकी | ४९० | ४९० | ४९० | ४७८ |
| (ङ)आयुर्वेदिक औषधालय | ६६ | ६६ | ६६ | ६६ |
| (च) आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र/ सामुदायिक स्वास्थ्य ईकाई | ३८० | ४२० | ४२० | ४३३ |
| २. अस्पताल शैय्या | २९५६ | ३१०५ | ३१०५ | ३४२३ |
| ३. जम्मा जनशक्ति | | | | ० |
| (क)डाक्टर (प्रदेश स्तरको मात्र) | ३८ | २७ | ३५ | ३९ |
| (ख)नर्स/अ.न.मी. (प्रदेश स्तरको मात्र) | ६५ | ७८ | ७० | ७७ |
| (ग)आयुर्वेद चिकित्सक/कविराज (प्रदेशस्तरको मात्र) | २० | १९ | २२ | २४ |
| (घ)वैद्य (प्रदेशस्तरको मात्र) | १६ | १७ | १९ | २१ |
| (ङ)स्वास्थ्य सहायक (हे.अ., अ.हे.ब.) (प्रदेशस्तरको मात्र) | ४६ | ४२ | ४९ | ५४ |
| (च)महिला स्वास्थ्य स्वयंसेविका | ५९३९ | ५९३९ | ५९३९ | ५८६४ |

स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, २०८१

## राष्ट्रिय खोप कार्यक्रम

९.२३ गण्डकी प्रदेश मातहतका स्वास्थ सेवा प्रदायकहरूबाट राष्ट्रिय खोप कार्यक्रम गण्डकी प्रदेशमा पनि उल्लेख्य रुपमा सञ्चालन भईरहेको छ। यस कार्यक्रमले बाल मृत्यु दर घटाउने काम गरेको छ। यसले वि.सि.जी. , डि.पी.टी डि.पी.टी./हेप वि/हिव तेश्रो, पि.सि.भि. तेश्रो, एफ्.आइ.पि.भि. दोश्रो, पोलियो तेश्रो, जे.इ. र दादुरा/रुवेला दोश्रो जस्ता खोपहरूको प्रयोग गरीएको छ जसले बिभिन्न किसिमका रोगहरू नियन्त्रणमा सहयोग पुऱ्याएको छ। दुर्गम क्षेत्रसम्म सेवा विस्तार गरी स्वास्थ्य पहुँचमा सुधार ल्याइएको छ। समुदायमा समूह प्रतिरक्षा विकास भई रोग फैलन रोकिन्छ। चालु आर्थिक वर्ष २०८१/८२ को फागुन सम्ममा जे.इ. खोप प्रयोग गर्नेको संख्या अन्यको तुलनामा केहि मात्रामा बढी रहेको देखिन्छ।

९.२४ राष्ट्रिय खोप कार्यक्रम पहिलो प्राथमिकता प्राप्त लागत प्रभावकारी (Cost effective) जनस्वास्थ्य कार्यक्रम हो । गण्डकी प्रदेशलाई मिति २०७५ साल भाद्र १३ गते पूर्ण खोप युक्त प्रदेश घोषणा गरी सोहि अवस्थाको सुनिश्चितता कायम गर्न कार्यक्रमहरूको निरन्तरता प्रदान भएको छ । आ.व २०८०/८१ को तुलनामा यस आर्थिक वर्षमा सबै खोपको कभरेज बढेको छ । आ.व २०७६/७७

देखि नियमित खोप कार्यक्रममा समावेश गरीएको रोटा खोपको पहिलो मात्राको खोपको कभरेज यस आ.व मा १०५ प्रतिशत रहेको छ । आइपिभी र दादुरा रुवेला खोप अभियानमा सम्पूर्ण लक्षित जनसंख्याको आधारमा ९४ प्रतिशत र १०५ प्रतिशत प्रगति देखिन्छ ।

*तालिका ७९निः शुल्क खोपको स्थिति (पटक सङ्ख्यामा)*

| खोपको प्रकार | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२* |
|---|---|---|---|---|---|
| वि.सि.जी. | ३४८२८ | ३२३७३ | ३२१३७ | २२३१७ | ११९९३ |
| डि.पी.टी./हेपवि/हिव तेश्रो | ३९४६३ | ३३३०५ | ३४७९७ | २८३६३ | १२९०४ |
| पि.सि.भि. तेश्रो | ३८४९४ | ३३२९५ | ३४३२२ | २९६१८ | १३२४१ |
| एफ्.आइ.पि.भि. दोश्रो | ३७४४९ | ३३९३६ | ३०३७२ | २८३२१ | १२८७० |
| पोलियो तेश्रो | ३९३६५ | ३३२९७ | ३४७७३ | २८३३५ | १२८८८ |
| जे.इ. | ३८७११ | ३४६६६ | ३३२०६ | ३०७३६ | १५६८० |
| दादुरा/रुवेला दोश्रो | ३८६९६ | ३५१८३ | ३३२५२ | ३१४५२ | १५६०९ |
| जम्मा | २६७००६ | २३६०५५ | २३२८५९ | १९९१४२ | ९५१८५ |

स्रोतः स्वास्थ्य ससमन्त्रालय, गण्डकी प्रदेश,२०८१ *फागुन मसान्तसम्म

## पोषण कार्यक्रम

९.२५ गण्डकी प्रदेशमा ०-२३ महिनाका बालबालीका मध्ये वृद्धि अनुगमनको लागि १३० प्रतिशत दर्ता गरीएका छन्, जुन गत आ.व. मा ११८ प्रतिशत थियो । आ.व. २०८०/८१ मा प्रदेश स्तरमा प्रति बच्चा औषत ११ पटक वृद्धि अनुगमन गरीएको छ । त्यसैगरी अनुमानित गर्भवती मध्ये ९३ प्रतिशत गर्भवती महिलाहरूले १८० चक्की आईरन तथा फोलिक एसिड प्राप्त गरेको देखिन्छ जुन अघिल्लो वर्षको तुलनामा १४ प्रतिशतले बढेको देखिन्छ ।

## एकीकृत बाल रोग व्यवस्थापन कार्यक्रम

